लेखापरीक्षण प्रतिवेदन

जहदा गाउँपालिका, मोरङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

जहदा गाउँपालिका, मोरङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/310

श्रीमान् अध्यक्षज्यू,,
जहदा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
लक्ष्मीनिया-मझारे, मोरङ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/310

श्रीमान् अध्यक्षज्यू ,

जहदा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मीनिया-मझरे, मोरङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु.१ अर्ब ४ करोड ८१ लाख ४८ हजारको लेखापरीक्षणबाट रु.७ करोड २९ लाख ५९ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.५ करोड ५ लाख ४९ हजार सम्परीक्षण भई बाँकि बेरुजुमा असुल गर्नुपर्ने रु.५९ हजार, नियमित गर्नुपर्ने रु.८५ लाख ८० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड २१ लाख ७ हजार र पेश्की रु.१६ लाख ६४ हजार गरी जम्मा रु.२ करोड २४ लाख १० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.२० करोड १ लाख ८५ हजारमा यसवर्षको थप समेतहालसम्म अद्यावधिक बेरुजू रु.२२ करोड २५ लाख ९५ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
९५	६३	७,२९,५९,१४१	०	२९	५,०५,४९,२०४	०	९५	३४	२,२४,०९,९३७	५९,२०४	८५,७९,९३१	१,२१,०६,८०२	०	०	२,०६,८६,७३३	१६,६४,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मोरङ	२०,४४,७६,६०१	०	४२,९१,३४०	२०,०१,८५,२६१	०	२,२४,०९,९३७	२२,२५,९५,१९८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रतिक्रियाबाट फस्यौंट				
१	२०८१/८२	१०२	विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण	३,००,०००
२	२०८१/८२	८८	वितरण भरपाई	९९,६०९
३	२०८१/८२	७२	वढि भुक्तानी	१२,८८८
४	२०८१/८२	८०	वडा सचिवको बैठक भत्ता	२६,३५०
५	२०८१/८२	१२२	लगत कट्टा पछिको भुक्तानी	९,३५०
६	२०८१/८२	८९	फर्निचर खरिद	७,०५२

७	२०८१/८२	११०	प्रदेश समपुरक अनुदान घटी साझेदारी	१५,८४,०९६
८	२०८१/८२	१२७	पेश्की	३,६०,०००
९	२०८१/८२	९७	पाठ्यपुस्तक	१,९२,०२१
१०	२०८१/८२	११५	धरौटी	७०,५००
११	२०८१/८२	१००	दिवा खाजा	१३,६०५
१२	२०८१/८२	११२	१५ शैया अस्पताल निर्माण	४,७८,७३,७३३
जम्मा				**५,०५,४९,२०४**
सम्परीक्षणबाट फस्र्योट				
१३	२०७९/८०	३५	साइकल खरिद	२,३८,४८६
१४	२०७९/८०	४८	शीर्षक फरक पारी खर्च	४,२०,५८०
१५	२०७९/८०	७४	शिक्षा सिकाई निरन्तरता	२,३६,०००
१६	२०७९/८०	५७	लागत अनुमान	५,००,०००
१७	२०७९/८०	३३	महंगी भत्ता	७,५०,०००
१८	२०७९/८०	२८	पर्व पूजाका लागि आर्थिक सहयोग	३,७०,०००
१९	२०७९/८०	२९	नाफामूलक संस्थालाई अनुदान	१,६०,०००
२०	२०७९/८०	५८	खयन आलुको लक्षित वर्ग पहिचान	१२,३१,२७४
२१	२०७७/७८	२१	पेश्की बाँकी	१५,०००
			जम्मा	**४२,९१,३४०**
कुल जम्मा				**५,४४,७०,५४४**

जहदा गाउँपालिका, मोरङ

(८०११३५०५३००)

जहदा गाउँपालिका , मोरङ

परिचय

१

(क) कार्यालय परिचय :-स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विद्यायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले जहदा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ६२.३८ वर्ग किलोमिटर क्षेत्रफल तथा ४१,८१५ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।१८ देखि २०८२।१०।२५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय-व्ययतर्फ रु.१ अर्ब ४ करोड ८१ लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२

आन्दोलन क्रममा क्षति-

महालेखापरीक्षकको कार्यालयबाट मिति २०८२।५।२३ र २४ मा भएको आन्दोलनको क्षति यकिन गरी लेखापरीक्षण गराउन सक्ने नसक्ने विषयमा माग गरेको विवरण पेश गर्दा पालिकाले आंशिक कागजात नष्ट भएको तर उपलव्ध हुने श्रेस्ता लेखापरीक्षण गराउन सकिने जानकारी उपलव्ध गराएको देखिन्छ। उक्त आन्दोलनको क्रममा भएको क्षतिको मुचुल्का गर्दा भौतिक संरचना साथै देहायको भुक्तानीसँग सम्बन्धित कागजपत्र तथा विवरण नष्ट भएको पालिकाले जनाएको छ।पालिकाले पेश गरेको प्रहरी चौकी, मझारे मोरङको च.नं.४५, मिति २०८२-०६-०५ को मुचुल्का विवरण अनुसार आ.व.२०८१।८२ भुक्तानी सँग सम्बन्धित देहायका कागजपत्र आंशिक नष्ट भएकोले लेखापरीक्षण गर्दा माग गरिएको आवश्यक कागजात पेश हुन नसकेकोले थप बिश्लेषण गर्न सकिएन ।

• प्राविधिक शाखा,पंजीकरण शाखा,अमिन शाखा,महिला तथा बालवालिका शाखा, न्यायिक समिति, स्वास्थ्य शाखा, लेखा शाखा, सूचना र प्राविधिक शाखा, प्रशासन शाखा लगायत सम्पूर्ण शाखाहरुको कागजात आंशिक रुपमा जलि क्षति भएको ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिबेदन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरिएको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्छ।पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०)प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३,९८,०७,४९३, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २७६५८९१.७, विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर)को रु.४,१४,००० समेत रु. १४२९८७३८४.७० अन्तरसरकारी अख्तियारी मार्फत् खर्च भएका कारोवार सुत्रमा लेखाङ्कन गरेको देखिदैन । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षिक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
सि.नं	विवरण	रकम	रकम	सि.नं	विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		७६११९२८८.८२	१	चालु खर्च	३४३०१८५३३.५	३४३०१८५३३.५
	क) संचित कोष	५०४१२२०६.३६		२	पूँजीगत खर्च	२०३१९९६९२.८	२०३१९९६९२.८
	ख) धरौटी खाता	८३६३२२०.९९		३	वित्तिय व्यवस्था भुक्तानी		
	ग) विविध खर्च खाता/कोष	७८३४८६१.५३			क) ऋण भुक्तानी		
	घ) प्रकोप व्यावस्थापन कोष	९५०८९९९.९४			ख) ब्याज भुक्तानी		
२	राजस्व (आन्तरिक आय)		११५०५५५९४.७	४	लगानी		
	क) आन्तरिक राजस्व	१५१४६५२४.६२			ऋण लगानी		
	ख) संघीय राजस्व बाँडफाँड	९४३८५७०४.६९			शेयर लगानी		
	ग) प्रदेश राजश्व बाँडफाँड सवारीसाधन कर	५५२३३६५.४२			अन्य लगानी		
	घ) स्थानीय राजश्व बाँडफाँड	०		५	विभिन्न कोषतर्फको खर्च		१४४१६७९५.८६
३	वित्तिय हस्तान्तरण संघ		४३८५९२३६०		क) विविध खर्च खाता/ कोष	८२७७३४०.८६	
	क) वित्तिय समानीकरण अनुदान	११६२५९९२०			ख) प्रकोप व्यावस्थापन कोष	३११५६६७	
	ख) सशर्त अनुदान	२९४२०००००			ख) धरौटी फिर्ता	३०२३७८८	
	ग) समपूरक अनुदान	२००००००		६	जनश्रमदान फिर्ता	०	
	घ) विशेष अनुदान	२६१३२४४०		७	अनुदान फिर्ता		२८२३४७२२.५४
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		२९०८४०००		क) संघीय सरकार सशर्त अनुदान	२४९८५४५२.७	
	क) वित्तिय समानीकरण अनुदान	८०११०००			ख) संघीय सरकार समपूरक अनुदान	४४९१२	
	ख) सशर्त अनुदान	११०७३०००			ग) संघीय सरकार विशेष अनुदान	८०९३८६.३६	
	ग) समपुरक अनुदान	१०००००००			क) प्रदेश सरकार सशर्त अनुदान	१७२५९५९.४८	
५	अन्तर सरकारी अख्तीयारी तर्फ प्राप्त		१४२९८७३८४		ख) प्रदेश सरकार समपूरक अनुदान	६६९०१२	
	क) सामाजिक सुरक्षा	१३९८०७४९३		८	मौज्दात		११७०९७४७१.३
	ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२७६५८९१			क) सञ्चित कोष खाता	७७८८५०३४.०६	
	ग) विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्रस्तर)	४१४०००			ख) चालु खर्च खाता	०	
६	विभिन्न कोषतर्फको आय		२७९२२१५०.६३		ग) पुजिगत खर्च खाता	०	
	क) विविध खर्च खाता/कोष	१३७९४२६१.८३			घ) धरौटी खाता	१७९६७३२१.७९	
	ख) प्रकोप व्यावस्थापन कोष	१५००००००			ङ) प्रकोप व्यावस्थापन कोष	७८९३३३२.९४	
	ग) धरौटी आय	१२६२७८८८.८			च) विविध खर्च खाता/	१३३५१७८२.५	

					कोष		
७	विषयगत निकायबाट प्राप्त			९	अन्तर सरकारी अख्तीयारी तर्फ खर्च		१४२९८७३८४
८	जनसहभागिता (नगद)				क) सामाजिक सुरक्षा	१३९८०७४९३	
९	लगानीको साँवा फिर्ता				ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२७६५८९१	
१०	अन्य विविध आय	१९१९३८२१.८०	१९१९३८२१.८०		ग) विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्रस्तर)	४१४०००	
	जम्मा		८४८९५४६००		जम्मा		८४८९५४६००

(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४ **कट्टी दायित्व बाँकि –**

पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रू. २,०१,१८६.५२ यकिन भई सकेको कट्टी दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित शीर्षकमा दाखिला गर्नुपर्नेमा पालिकाले EFT Reject भएको कारण बाँकि देखाएको तर बढी दाखिला भएको विवरणमा उल्लेख गरेको छ ।

५ **बैङ्क हिसाब विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ।पालिकाको सुत्र प्रणाली अनुसार अनुसार देहाय बमोजिम यो वर्षको अन्त्यमा स्रेस्ता अनुसार रू. १०,०२,८२,४८०.९९ र बैङ्क अनुसार मौज्दात रू. ८,०९,३०,७८७.९२ देखियो। पालिकाले तोकिए बमोजिम बैङ्क हिसाव मिलान विवरण तयार गरी पेश गरेको छैन। बैंकमा घटी मौज्दात भएको रू.१९३५११६९३.०७ सम्वन्धमा पालिकाले सुत्र प्रणालीमा बैंक र श्रेस्ताको मौज्दात विवरण अद्यावद्यिक गर्ने छुटाएको र हाल आ.व.२०८१।८२ को विवरण प्रविष्टि गर्ने कार्य सुत्र प्रणालीमा बन्द भएकोले बैंक र श्रेस्ता अनुसारको मौज्दात रु.११,७०,६४,८६८.३२ रहेको विवरण म्यानूअल रुपमा पेश गरेको छ ।पालिकाले सुत्र प्रणालीमा विवरण अद्यावद्यिक गर्न पहल गर्नुपर्दछ ।

बैंकको नाम	खाताको प्रकार	श्रेस्ता अनुसारबाकी रु	बैंक अनुसार बाकीरु
माछापुच्छ्रे बैंक लि.	ग२.३, विविध खर्च खाता	२०,७६,०३१.००	०
माछापुच्छ्रे बैंक लि.	ग२.४, पुँजीगत खर्च खाता- जोर वर्ष	२५,००,०००.००	०
माछापुच्छ्रे बैंक लि.	ग३.१, स्थानीय तह धरौटी खाता	१,७९,६७,३२१.७९	१,७९,१६,१५१.७९
माछापुच्छ्रे बैंक लि.	ग४.१, स्थानीय तह सञ्चित कोष खाता	५,८५,५१,४७६.७३	४,३८,२६,९८४.६६
माछापुच्छ्रे बैंक लि.	ग५.१, स्थानीय तह विविध कोष खाता	९४,९४,३१८.५३	९४,९४,३१८.५३
माछापुच्छ्रे बैंक लि.	ग७.१, स्थानीय तह आकस्मिक कोष खाता	१८,००,०००.००	१८,००,०००.००
माछापुच्छ्रे बैंक लि.	ग७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	७८,९३,३३२.९४	७८,९३,३३२.९४
	जम्मा	१०,०२,८२,४८०.९९	८,०९,३०,७८७.९२

६ **जिम्वेमारी फरक परेको –**

पालिकाको गत बर्षको म.ले.प.प्रतिवेदन अनुसार रु. ९५२७१२८१.२ मौज्दात रहेकोमा यस बर्षको जिम्मेवारी रु.७६११९२८८.८२ अल्या गरेकोले घटी जिम्मेवारी रु.१९१५१९९२.३८ सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

७ **फरक हिसाब-**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) ले सबै कारोवार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोवार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा दुवै विवरणको तुलना गर्दा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.४००६६७१.९९, यस वर्षको प्राप्ती रु. २१८२६५०६३.१२, यस वर्षको भुक्तानी रु.१८५६३८९०२.४० र बैँक मौज्दात रु. १९०४०७८७.९२ फरक परेको छ। सुत्रमा पालिकाको सम्पुर्ण आर्थिक कारोवारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गत वर्षको जिम्मेवारी	यस वर्षको प्राप्ति	यस वर्षको भुक्तानी	बैँक मौज्दात
म.ले.प.फा.२७०	८,०१,२५,९६०.८१	५५,४५,७०,२४८.०६	५४,६२,१८,२२६.३०	९,८०,५६,६८३.३८
एकिकृत वित्तीय विवरण अनुसार	७,६१,१९,२८८.८२	७७,२८,३५,३११.१८	७३,१८,५७,१२८.७	११,७०,९७,४७१.३०
फरक	४००६६७१.९९	२१८२६५०६३.१२	१८५६३८९०२.४०	१९०४०७८७.९२

८ **सञ्चित कोषमा स्थानान्तरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्वतः जम्मा(ट्रान्सफर)गर्नुपर्ने व्यवस्था छ।पालिकाले पेश गरेको विवरण अनुसार यो वर्षको अन्त्यमा पुँजीगत खर्च खातामा रु.२५,००,००० मौज्दात रहेको देखियो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

९ **सेवा प्रवाहको स्थिति -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिका कार्यालय तथा वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउने र सोको अद्याबधिक अभिलेख समेत तयार गरी राख्नुपर्दछ।

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	
पञ्जिकरणतर्फ	१०७३
जन्मदर्ता	३२२
मृत्युदर्ता	१९
बसाईसराई दर्ता	३७
विवाह दर्ता	४८७
सम्बन्धविच्छेद दर्ता	८
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण कि.मि.	४६९ मि.
कालोपत्रे सडक मर्मत कि.मि.	-
ग्राभेल सडक निर्माण कि.मि.	६.३ कि.मि.
ग्राभेल सडक मर्मत कि.मि.	१३७ मि.
आर.सि.सि.सडक निर्माण	५१ मि.

१० **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन।आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा सो नभएको, सम्भावित जोखिमहरुको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन प्रभावकारी हुन नसकेको अवस्था समेत देखिएको छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही व्यहोरा देहायबमोजिम रहेका छन्:

वजेट व्यवस्थापन तर्फ

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• दिगो बिकास लक्ष्य (२०१६-३०)लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकीकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरू तोकि मूल्याङ्कन नगरेको,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्च संरचना तयार गरेको नदेखिएको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची -११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको नदेखिएको,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको नदेखिएको,

• शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको नदेखिएको,

खरिद व्यवस्थापनतर्फ

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सोको मूल्याङ्कन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राख्ने नगरेको,

• पालिकाले पालिका अन्तर्गतका सडकहरू मर्मत गरेको अभिलेख नराखेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिएतापनि त्यसको कार्यान्वियन र उपयोग पृष्ठपोषणका लागि भएको नदेखिएको,

• स्थानीय तहले उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको नदेखिएको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख अवस्था अद्यावधिक गरेको नदेखिएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिट्टी, माटोलगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी पुनरावलोकन गरेको देखिएन,

• पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वियन गरेका आयोजनाहरुको कार्यान्वियन अवस्था खुल्ने गरी एकीकृत रुपमा नापी किताब तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)को अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नुपर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) अनुसार उपभोक्ता समितिवाट कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको रेखदेख र मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी दिगोपना र संरक्षणका आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन पालिका र वडास्तरमा गर्ने गरिएतापनि अनुगमन प्रतिवेदन पुर्ण रुपमा तयार नगरेको र अनुगमनको क्रममा प्रतिवेदन फारम प्रत्येक योजनामा कस्ता कैफियत देखिए र सोको सुधारका लागि के कस्ता प्रयास भए पुष्ट्याई हुने अवस्था उल्लेख नगरेको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९. मा हरेक खरिद कारवाहीको छुट्टै फाइल खडा गरी नियम १४९.(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नुपर्ने, नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यबस्था रहेकोमा सो अनुसार सबै अभिलेख अद्याबधिक गरी राखेको पाइएन,

शिक्षातर्फ

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन पूर्ण रूपमा नभएको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) र (ञ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु व्यवस्थित गरि राखेको नदेखिएको,

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन, लेखापरीक्षणको अबस्था र अभिलेख व्यवस्थित गरेको नदेखिएको,

विविधतर्फ

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• दैनिक भ्रमण भत्ता अभिलेख खाता अद्यावधिक नरहेको तथा अनुगमन खर्च भुक्तानी गर्दा पदाधिकारी एवं कर्मचारीलाई एकै कार्यक्रममा प्रशिक्षक, अनुगमनकर्ता, संयोजक र प्रतिवेदकको भुक्तानी दिने गरिएबाट के कति कार्यक्रम र भुक्तानी दोहोरो पर्न गएको छ सो को यकिन गर्न सक्ने अवस्था नरहेको,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नागरिक वडापत्रमा उल्लिखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन संयन्त्र तयार नगरेको तथा गुनासो व्यबस्थापन गरेको अद्यावधिक अभिलेख नराखेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखि रहेको,

• यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल भरपाई सहित पर्याप्त प्रमाण र आधार समावेश गरी सबै कार्यक्रममा खर्च गर्ने गरेको नदेखिएको,

• बेरुजु लगतका लागि तयार गरीएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको,

• सबै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

• आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक कागजपत्रसहित म.ले.प. फाराम नं २०२ को ढाँचामा सम्बन्धित शाखाबाट भुक्तानी कारोवारको सिफारिस पत्र लिएर भुक्तानी दिनुपर्नेमा सबै भुक्तानी सो वेहोरा पालना गरेको पाइएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्नेमा भुक्तानीका सबै भौचरमा सो वेहोरा पालना गरेको पाइएन,

अतः पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्नुपर्दछ ।

११ **खर्च बिश्लेषण** -

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू. १,५१,४६,५२४.६२, राजस्व बाँडफाँडबाट रू.९,९९,०९,०७०.११, अनुदानबाट रू.४७,७६,७६,३६० तथा अन्य प्राप्तीवाट रू.२६,६२,२२,६४५.२७ लगायत रू.८४,८९,५४,६०० प्राप्ती भएकोमा चालु तर्फ रु.३४,३०,१८,५३३, अन्यकोष अन्तरसरकारी अख्तियारी तर्फको भुक्तानी रू.१८,५६,३८,९०४ र पुँजीगत तर्फ रू.२०,३१,९९,६९२ समेत रु.७३,१८,५७,१२९ खर्च भएको छ। अन्तरसरकारी अख्तियारी तर्फ बाहेकको खर्च रु.५८,८८,६९,७४५ मध्ये आन्तरिक आयको हिस्सा २.५७ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ६२.७९ प्रतिशत चालु र ३७.२१ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१२ **त्रैमासिक पुँजीगत खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

क्र.स.	बजेट उपशिर्षक	कूल खर्च	प्रथम त्रैमासिक	दोश्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	असाढ महिना
१	पुँजीगत	२०३१९९	३४४११	३१३०१	१९७५६	११७७२८	६९५१५
	खर्च प्रतिशत	१००	१६.९३	१५.४०	९.७२	५७.९५	३४.२१

जस अनुसार यो वर्ष पुँजीगततर्फ रू. २० करोड ३१ लाख ९९ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू. ३ करोड ४४ लाख ११ हजार अर्थात १६.९३ प्रतिशत, दोस्रो त्रैमासिकमा रू.३ करोड १३ लाख १ हजार अर्थात १५.४० प्रतिशत, तेस्रो त्रैमासिकमा रू.१ करोड ९७ लाख ५६ हजार अर्थात ९.७२ प्रतिशत र चौथो त्रैमासिकमा रू. ११ करोड ७७ लाख २८ हजार अर्थात ५७.९५ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू.६ करोड ९५ लाख १५ हजार अर्थात ३४.२१ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१३ **क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	२,२०,९८,९४८	१,७०,३१,७०९	३.१२
२	सामाजिक विकास	३७,५७,३९,९३२	३३,७२,९४,१९१.९४	६१.९७
३	पूर्वाधार विकास	१५,०५,६५,७१३	९,९४,३८,९४९.७०	१८.२७
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१,९८,८३,५००	१,२४,७९,३८०	२.२९
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१०,२६,५०,५६२.७४	७,८०,१८,९०७.६६	१४.३५
कुल जम्मा		६७,०९,३८,६५५.७४	५४,४२,६३,१३८.३०	१००

उल्लिखित विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ६१.९७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा सबै भन्दा घटी २.२९ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

१४ **आवधिक योजना** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४. बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना अद्यावधिक गरी कार्यान्वयन गर्नुपर्दछ ।

१५ **बजेट पेश, पारित र अख्तियारी** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१-०३-०५ मा रु.६२,२३,७५,५२५ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१-०३-०५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१-०३-११ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो । आर्थिक वर्ष भित्र सबै काम सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

१६ **बजेट तथा कार्यक्रम तर्जुमा** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यबस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१७ **बार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मूल्याँकन योजना समेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाको आ.व. २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रममा समावेस भएका तर सो नीति तथा कार्यक्रम अनुसार विनियोजन ऐन (बजेट) मा समाबेश नभएको र बजेटमा समाबेश भएका योजना/कार्यक्रम कार्यान्वयन भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वयन गरिनुपर्दछ ।

(क) बजेट (विनियोजन ऐन) मा समाबेश नभएका नीति तथा कार्यक्रम

क्र सं	नीति तथा कार्यक्रमको क्षेत्र	नीति तथा कार्यक्रमको वेहोरा
१	शिक्षा तथा खेलकुद सम्बन्धी नीति	· शिक्षक तथा बालविकास शिक्षकको दरबन्दी मिलान गरी विद्यार्थी संख्याका आधारमा शिक्षक व्यवस्थापन तथा विद्यार्थी संख्याका आधारमा निर्धारित मापदण्ड भन्दा कम विद्यार्थी सङ्ख्या भएका विद्यालयहरुलाई अर्को विद्यालयमा विद्यालय समायोजन तथा तह समायोजन गर्ने, · अगामी आ.व. मा स्थानीय पाठ्यक्रम निर्धारण गरी लागु गर्ने, · विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक तथा अभिभावकहरुसँग अन्तरक्रिया गरी शैक्षिक सुधारका लागि गाँउपालिका प्रमुखसँग साक्षात्कार कार्यक्रम सञ्चालन गर्ने, ·
२	स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्बन्धी नीति	· गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरु मर्मत सम्भार गरी सर्वसुलभ आधारभुत सेवा उपलब्ध गर्ने,
३	बित्तिय व्यवस्थापनश्रोत परिचालन र आर्थिक विकास सम्बन्धी नीति	· कृषि पर्यटन (Agro-Tourism) को संम्भाब्यतालाई ध्यानमा राखि पकेट क्षेत्रहरुमा नमुना एवं अर्गानिक खेती मार्फत आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिने,
४	कृषि तथा भू उपयोग सम्बन्धी नीति	· कृषि कर्जा सरल बनाई सहुलियत व्याजदरमा कृषि ऋणको व्यवस्था मिलाउन गाउँ क्षेत्र भित्र रहेका बैंक, बित्तियसंस्था तथा सहकारी संस्थाहरूसँग आवश्यक पहल गर्ने, · कृषिमा स्नातक गरेका युवाहरुलाई कृषि व्यवसायमा आवद्धता हुन प्रोत्साहित गरीने नीति अवलम्बन गर्ने · व्यवसायिक कृषि खेति गर्ने कृषकहरूको उत्पादनलाई संरक्षण र बजारीकरण गर्नका लागि गाउँपालिकाले प्राविधिक सहायोग समेत उपलब्ध गराउने,

(ख) बजेट (विनियोजन ऐन) मा समाबेश भई कार्यान्वयन नभएका योजना/कार्यक्रम

क्र सं	बजेट शीर्षक	विनियोजन रकम
१	देव पंडितको घरदेखि उत्तर रहेको ग्रामथान देखि उत्तरको बाटोमा माटो पुर्ने कार्य	१ लाख २५ हजार
२	कविदेव यादव, नरेश राउतको घर देखि भदै पासवानको घर जाने बाटो मर्मत तथा ग्राभेल, जहदा-४	४ लाख २५ हजार
३	साविक शि.ज. ६ ग्रामथान देखि पूर्व तर्फको बाटो मर्मत ग्राभेल	१ लाख
४	१ जहदा ३ जानकी चौक को गोलाम्बरको स्तोरन्नती	२ लाख
५	धुनि देखि सिर्सिया सम्म कालोपत्रे (थप)	७ लाख ९३ हजार
६	विरपुर सन्थाल बस्ती सोलार पावर हाउस देखि पूर्व माझो मरण्डी घर सम्म माटो तथा ग्राभेल कार्य जहदा-२ (थप)	५ लाख

नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखी बजेटमा समावेश गर्ने र बजेटमा समाबेश भएका योजना/ कार्यक्रम कार्यान्वयन गर्ने व्यबस्था हुनुपर्दछ ।

१८ **अबण्डा बजेट** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष भैपरी आउने चालु खर्चमा २० लाख र भैपरी आउँने पूँजिगत शीर्षकमा रु.५० लाख समेत रु.७० लाख अबण्डा राखी कार्यपालिकाको निर्णयले विभिन्न योजनाहरुमा बाँडफाट गरी हिउँदे सभाबाट अनुमोदन गराएको देखियो। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन समेतलाई ख्याल नगरी पछि बाँडफाट हुने गरी अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ। तसर्थ बजेट खर्चलाई बजेट अनुशासन र पद्धतिमा आधारित बनाउनुपर्दछ।

१९ **रकमान्तर** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुनै शिर्षकबाट पुँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ।उल्लिखित व्यवस्था अनुसार चालु शीर्षकमा रकमान्तर गर्न सक्ने कानूनी व्यवस्था देखिदैन। पालिकाको सुत्र विवरण अनुसार यो वर्ष निम्नानुसार एक शीर्षकबाट अर्को शीर्षकमा बजेट रकमान्तर गरेको देखियो।जस अनुसार कूल रू.८ करोड ३४ लाख ८२ हजार ०१५ बजेट रकमान्तर भएको देखियो। जुन कुल विनियोजन बजेट रु. ६२ करोड २३ लाख ७५ हजारको १३.४१ प्रतिशत भएको देखियो । कार्यपालिकाबाट भएको रकमान्तरको निर्णय सभाको मिति २०८१-०९-२८ को निर्णयबाट अनुमोदन भएको देखियो। रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

घट कायम भएको		थप कायम भएको	
कार्यक्रम	रकम	कार्यक्रम	रकम
विभिन्न ११०	४,३६,७०,३६०	विभिन्न १७०	८,३४,८२,०१५.७४

२० **गत वर्षको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समावेस गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोलेनिकाबाट भुक्तानी बाँकीको विवरण प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गराई राख्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रू.७६१०००० भुक्तानी गरेको छ । आगामी वर्ष दायित्व सृजना गर्ने गरी बजेट व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

सि नं	कार्यक्रम/ शीर्षक /योजना	रकम
१	मठ मन्दिर मर्मत सम्भार बनरखोकिया	५०००००
२	वडा नं. ३ शुक्रबारे हाटदेखी पश्चिम काजि टोल हुदैँ सुरेन्द्र साहको घर सम्मको सडक मर्मत	७०००००
३	वडा नं. ६ वडा कार्यालय देखी पश्चिम महेन्द्र करदारको घर सम्मको सडक मर्मत	
४	वडा नं. ७ को बाडीटोल देखी डुमरयिा जाने सडक मर्मत	
५	वडा नं ७ छोटकी महादेवकोल अन्नत मँिदर देखी मालदैया टोल सम्मको बाटो ग्राभेल कार्य	१००००००
६	बुधराई मुर्मुको घरदेखी दक्षिण हुदै छाता मेला जाने बाटो मर्मत	५०००००
७	लक्ष्मी आ वि को पानी निकासका लागी व्यवस्था	१००००००
८	व्यः्रबन्चक्षक्त्तरद्दण्डझरण्डद्द(द्वठ, कृषकहरु लाई सिँचाइको लागी डेलिभरी पाइप ४ ” वितरण (५०% अनुदान)	१२२००००
९	भट्टा टोल राजन खत्रको जग्गाको छेउको टोल सडक ग्राभेल वडा नं. ३ र जयरामपुर अजवलाल सहनिको घर देखी नहर सम्मको बाटो स्तरोन्नत	८५००००
१०	जयरामपुर टोल र बनरखोकिया टोलको विभिन्न सड्कहरु स्तोरोन्नती र जयरामपुर नहर ग्राभेल र पंचु रिषिदेव सडक ग्रावेल	९५००००
११	विभिन्न सडक मर्मत र आर्यघाट निर्माण	८९००००
	जम्मा	७६१००००

२१ **पूँजिगतबाट चालु प्रकृतिको खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वियन तालिका र अनुगमन मूल्याँकन योजना समेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले चालु प्रकृतिको कार्य पूँजिगततर्फ बजेट विनियोजन गरि खर्च गरेको मनासिब देखिएन । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।केहि उदाहरण -

कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन	खर्च
डेलिभरि पाइप वितरण कार्यक्रम ५० प्रतिशत अनुदान	६,८७,९४८	६,८७,९४८
बनरखोकियामा घेरावेरा तथा वृक्षारोपण कार्य, जहदा-३	७,००,०००	५,२५,०४७
श्री कालि आ.वि. हरिनगरा विधालय व्यवस्थापन खर्च	१०००००	९५०००
श्री जन आ.वि. डंग्राहाको विधालय व्यवस्थापन खर्च	६००००	५४३९७
	जम्मा	१३६२३९२

२२ **योजना तर्जुमा तथा कार्यान्वयन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ।योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष रू.५ लाखभन्दा साना ९८ , रु.५ लाख देखि २० लाख सम्मका १८ र रू. २० लाख माथिका २० योजनामा खर्च गरेको देखियो। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन्।

विवरण	जम्मा योजना संख्या	रु.२० लाख माथिका	रु.५ लाख देखि २० लाख सम्मका	रु.५ लाख मुनिका
पालिका र वडातर्फ	१३६	२०	१८	९८

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।

२३ **खरिद योजना** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू. २०,३१,९९,६९२.८ पुँजीगत खर्च/खरिद तथा निर्माण कार्य गरेको देखियो। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२४ **तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

२५ **नक्शा** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३९ बमोजिम पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम अनुमति लिई निर्माण गरी रहेको छ छैन पालिकाले जाँचबुझ र कारबाही गर्न सक्ने व्यबस्था छ । ऐनमा उक्त व्यबस्था भए पनि यस पालिकाले पालिका क्षेत्र भित्र निर्माण गरिने भवन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम निर्माण भए नभएको जाँचबुझ र कारबाही गरि अद्याबधिक अभिलेख तयार गरी राखेको पाइएन ।पालिका भित्र निर्माण गरिने भवन स्वीकृत मापदण्ड बमोजिम निर्माणका लागि स्वीकृत दिने र स्वीकृति दिए बमोजिम काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गर्ने व्यबस्था कार्यान्वियनमा ल्याउनु पर्दछ ।

२६ **अनुदान फिर्ता** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम
संघीय सरकार	शसर्त	२८६०७२०००	२६१०८६५४७.३	२४९८५४५२.७
	विषेश	२६१३२४४०	२५३२३०५३.६४	८०९३८६.३६
	समपुरक	२००००००	१९५५०८८	४४९१२
	अन्य	०	०	०
प्रदेश सरकार	शसर्त	११०७३०००	९३४७०४०.५२	१७२५९५९.४८
	विषेश	०	०	०
	समपुरक	१०००००००	९३३०९८८	६६९०१२
	अन्य	०	०	०
	जम्मा	३३५२७७४४०	३०७०४२७१७	२८२३४७२३

२७ **अनुदानको अनुगमन** –

समपुरक अनुदान कार्यविधि,२०८१ को बुँदा न १६ र बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को बुँदा न १ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको देखिएन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्दि गराउनु पर्दछ।

क्र.स.	स्रोत	संचालित योजनाहरु	बजेट खर्च
१	संघीय समपुरक अनुदान	१	१९,५५,०८८
२	संघीय बिशेष अनुदान	१	२,५३,२८,७२४
३	प्रदेश समपुरक अनुदान	२	९३,३०,९८८

२८ **कानून निर्माण एवं कार्यान्वयन –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ६ वटा ऐन, ३ वटा नियमावली, १९ कार्यविधि, ३ निर्देशिका, ९ नर्म्स लगायत ३२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । तर्जुमा भएको कानूनको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ

२९ **न्यायिक समिति –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १४ र यो वर्ष थप भएको ९७ गरी कुल १११ विवाद दर्ता भएकोमा ३६ वटा फर्स्यौट भई २२ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३० **संगठन र कर्मचारी व्यवस्थापन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि सभाबाट स्विकृत गरेको छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित स्थायीतर्फ ७६ र करार तर्फ ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ६५ पद पूर्ति भएको देखिन्छ। प्राप्त विवरणअनुसार कानून न्याय प्रशासन सहायक, लेखा अधिकृत,वातावरण सहायक, सामाजिक विकास अधिकृत, कृषि अधिकृत लगायत ११ पदहरु रिक्त रहेका छन्। रिक्त पदहरु सम्बन्धमा कार्यालयको दैनिक सेवा प्रवाहको आवश्यकता, प्रबिधिको उपयोग तथा कार्यक्रम सञ्चालन अवस्था समेतलाई ध्यान दिई कर्मचारी पदपुर्ति गर्नुपर्दछ।

३१ **कर्मचारी करार -**

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १४(१) मा सवारी चालक, नगर प्रहरी, बारुण यन्त्रका कर्मचारी, कार्यालय सहयोगी, चौकीदार, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाई गर्ने कर्मचारी वा यस्तै प्रकृतिका काम गर्ने अन्य पदमा बाहेक स्थानीय सरकारी सेवाका कर्मचारीले गर्नु पर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाईने ब्यवस्था छ। पालिकाले हलुका सवारी चालक,कार्यालय सहयोगी, चौकिदार,अमिन,अहेव,ल्याब असिष्टेण्ट,अ.न.मि., सब-इन्जिनियर लगायतको पदमा ५३ जना करार तथा ज्यालादारीमा सुरक्षा गार्ड, सरसफाईकर्मी लगायत पदमा ८ जना नियुक्ति गरि पारिश्रमिक वापत रु.१७३३९२६३.४४ खर्च लेखेको छ । रिक्त पद पदपूर्तिको लागि पालिकाले प्रदेश लोक सेवा आयोगमा माग गरेको देखिएन । उल्लिखित करार सेवाका पदहरु व्यवस्थापन सर्वेक्षण गरी गाउँसभाबाट स्विकृत गरेकोमा निर्धारण भएकोमा पद दर्ताका लागि प्रदेश निजामती किताबखानामा पेश गरेको उल्लेख गरेकोमा उक्त पत्र जेन्जी आन्दोलनमा नष्ट भएको पालिकाले जनाएको छ । प्रतिस्पर्धाको

आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो।कानुन बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पुर्ति गर्नुपर्दछ। साथै देहायको पदमा स्विकृत दरबन्दि भन्दा बाहिर कर्मचारी नियुक्ति गरि तलब भत्ता खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

पद	कर्मचारीको नाम	बार्षिक खर्च
सामाजिक परिचालक	सरस्वती राजवंशी	३६४६००
सामाजिक परिचालक	नवीन प्रसाद मण्डल	३६४६००
सामाजिक परिचालक	माधव मण्डल	३६४६००
सामाजिक परिचालक	रमा कटुवाल	३६४६००
सामाजिक परिचालक	हरिओम राजवंशी	३६४६००
निर्मला कुमारी	सि.वि.आर.सहजकर्ता	२४७०००
पुजा कुमारी मण्डल	सि.वि.आर.सहजकर्ता	२४७०००
कमला कुमारी राजभर	सि.वि.आर.सहजकर्ता	२४७०००
कविता कुमारी मण्डल	अपाङ्गता सहायक सहजकर्ता	२४७०००
	जम्मा	२८११०००

अनियमित भएको	२८,११,०००

३२ **तलवी प्रतिवेदन -**

कोशी प्रदेश स्थानीय सेवा ऐन, २०८० बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई रु.४,३६,९७,७१६.०५ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३३ **अवकास कोष –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संघीय राजस्व बाँडफाटबाट कर्मचारी अवकास कोषमा रु.१० लाख ट्रान्सफर गरेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट ऐन कानुनको व्यवस्था भएको देखिएन। पालिकाले कानून निर्माण गरि कोष सञ्चालनमा ल्याउँनु पर्दछ ।

३४ **पदाधिकारी सुविधा -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू.४९,९६,००० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू. १,५१,४६,५२४.६२ रहेको छ।जुन आन्तरिक आयको ३२.९८ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

३५ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पदाधिकारी बैठक भत्ता वापत रू.१,७६,००० र कर्मचारीको बैठक भत्ता वापत रू.४,८८,२०० समेत जम्मा रू.६,६४,२०० खर्च गरेको देखियो। जुन आन्तरिक आय रु.१,५१,४६,५२४.६ को तुलनामा ४.३८ प्रतिशत पदाधिकारी तथा कर्मचारीको बैठक भत्ताको रुपमा खर्च लेखेको देखियो। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

३६ **सहकारी नियमन** -

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २७ वटा सहकारी संस्था रहेकामा १७ मात्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा आवद्ध छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

सि न	क्रियकलाप	संख्या
१	कोपोमिसको पासवर्ड प्राप्त गर्ने सहकारी संख्या	१७
२	कोपोमिस मार्फत आ.ब. ८१/८२ को समष्टिगत प्रतिवेदन पठाउने सहकारी संख्या	१४
३	कोपोमिस मार्फत मासिक प्रतिवेदन पठाउने औसत सहकारी संख्या	३
४	कोपोमिस मार्फत साधारण सभाको जानकारी पठाउने सहकारी संख्या	७
५	कोपोमिस मार्फत साधारण सभाको प्रतिवेदन पठाउने सहकारी संख्या	४
६	कोपोमिस मार्फत सम्पत्तिसुद्धिकरण सम्वन्धी विवरण पठाउने सहकारी संख्या	०
७	कोपोमिस मार्फत बैठक सम्वन्धि विवरण पठाउने सहकारी संख्या	०
८	कोपोमिस मार्फत निर्वाचन विवरण पठाउने सहकारी संख्या	०

३७ **फोहरमैला व्यवस्थापन** –

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३८ **सार्वजनिक परीक्षण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले १ पटक सार्वजनिक सुनावाई गरि रु. १,९७,९७६ खर्च गरेको देखियो । सार्वजनिक परीक्षणलाई बृहत गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

३९ **नगदी रसिदको प्रयोग** –

यस पालिकाले आधारभुत अस्पतालको राजश्व आम्दानी गर्ने प्रयोजनका लागि नगदी रसिद प्रयोग गर्ने जानकारी हुन आयो । निकासी गरिएका पायड (ठेली) बाट अशुल गरेको राजश्व जोडजम्मा गरी यथार्थरुपमा सबै पायड (ठेली) बाट अशुल गरेको राजश्व दाखिला भए नभएको यकिन गर्नुपर्नेमा सो नगरी नगदी रसिद बुझिलिनेले दाखिला गरि दिएको रकमलाई नै यथार्थ अशुली मानेको छ । सोका अतिरिक्त पालिकाले प्राप्त हुनुपर्ने र प्राप्त राजश्व सम्बन्धमा परीक्षण भिडान गर्ने नगरेकोले लेखापरीक्षण समयमा समेत प्राप्त हुनुपर्ने र प्राप्त राजस्व भिडान गर्न सकिएन । नगदी रसिदको प्राप्त आय सम्बन्धमा प्रयोग गरेका सबै नगदी रसिदको प्रतिलिपि रहेका ठेली (पायड) तथा बाँकी रहेका सबै ठेली (पायड) फिर्ता प्राप्त गरी, जारी गरेका सबै नगदी रसिदबाट यथार्थरुपमा अशुल गरी दाखिला भएको सुनिश्चित हुने व्यबस्था हुनुपर्दछ ।

४० **ढिला राजस्व दाखिला गरेको -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। नमुना परीक्षण क्रममा वडाका वडा सचिवहरुले राजस्व आम्दानी नगद बुझ्ने गरेको र औसतमा करिव १ महिना सम्म ढिलो गरी राजस्व दाखिला गर्ने गरेको देखियो। यस सम्बन्धमा पालिकाबाट सबै स्थानमा सहज बैङ्किङ् पँहुच नभएको कारणले समयमा राजस्व दाखिला हुन नसकिएको प्रतिक्रिया प्राप्त भएता पनि कानुनको पालनामा पालिकाको ध्यान जानुपर्दछ।

४१ **आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदान	आन्तरिक आय रु.	आन्तरिक आय प्रतिशत
२२,४१,७९,९९०.११	१,५१,४६,५२४.६२	६.७५

उल्लिखित विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६.७५ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

४२ **आय प्राप्तिको अबस्था -**

यस पालिकामा बिगत ३ बर्षको राजश्व अशुली को अबस्था निम्न अनुसार रहेको देखिन्छ ।

			(रु. हजारमा)
आर्थिक बर्ष	अनुमान	अशुली रकम	असुलि प्रतिशत
२०७९।८०	४८०६	१०७३७	२२३.४०
२०८०।८१	३३२७०	९४८२	२८.५०
२०८१।८२	२५२८६	१५१४६	६०.३२

आय बृद्धिका लागि करको दायरा बढाउदै अशुली रकम बृद्धिका लागि पालिकाको निरन्तर अनुगमन मुल्याँङ्कन सहितको प्रयाश जारी रहनुपर्दछ ।

४३ **आय अनुमान** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा निम्नानुसार आन्तरिक आयतर्फ रू.२ करोड ५२ लाख ८६ हजार आय प्राप्त गर्ने अनुमान गरेकोमा रू.१ करोड ५१ लाख ४६ हजार मात्र आय प्राप्त गरेको छ। अर्थात अनुमानको ६०.३२ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता कार्यालयमा दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रमाणलीको विकास हुनुपर्दछ।

प्राप्तिको श्रोत	वार्षिक अनुमानित आय	आम्दानी
११३१३ - सम्पती कर	१,००,०००	३,१६६
११३१४ - भुमिकर/मालपोत	३०,००,०००	४३,२४,१०५.३६
११३१७ - वहाल कर	४,००,०००	३४,४४,३८७.६७
११३१८ - वहाल विटौरी कर	५,००,०००	८,६६,६४७.००
११६११ - व्यवसायले भुक्तानी गर्ने	०.००	१६,५००
११६९१ - अन्य कर	८३,८२,०००	८१३५०
१४२१८ - विद्युत सेवा शुल्क	०.००	१३,००१
१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	४,००,०००	१०,७२१.४३
१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	५,००,०००	५,१८,४१४
१४२४२ - नक्सापास दस्तुर	५,००,०००	२७,२५२.९०
१४२४३ - सिफारिश दस्तुर	२०,००,०००	३२,७८,१०२
१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	०.००	५,००,७१५
१४२४५ - नाता प्रमाणित दस्तुर	०.००	१,७४,६००
१४२४९ - अन्य दस्तुर	०.००	८,५३,७०२.५०
१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	५,००,०००	८९,२००
१४२६२ - विद्युत सम्बन्धी दस्तुर	०.००	१,२१०
१४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत	०.००	१,९०,३२४
१४५२९ - अन्य राजस्व	८५०४०००	६,०००
१४६११ - व्यवसाय कर	५,००,०००	७,०६,१७५
१५१११ - बेरूजू	०.००	४०,९५१
जम्मा	२,५२,८६,०००	१,५१,४६,५२४.६२

४४ **व्यवसाय कर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.७,०६,१७५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४५ **इन्धन खर्च** -

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे ३७ थान, कार १, जिप १ र पिकअप भ्यान १ थान रहेकोमा इन्धन शीर्षकमा रू. ३७,०३,८६९.६९ इन्धनमा खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको इन्धनको अभिलेख र दमकल, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने इन्धनको मापदण्ड समेत नबनेकोले इन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। इन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्णरुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

४६ **विविध खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष विविध खर्च वापत रु.४७,७२,९०९ र सभा सञ्चालनमा रु.८,६८,०७५ समेत रु.५६,४०,९८४ खर्च गरेको छ।उक्त खर्च आन्तरिक आय रु. १,५१,४६,५२४.६२ को ३७.२४ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र विविध खर्च बीचमा आवश्यक तादम्यता मिलाई विविध खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनु पर्दछ।

४७ **सवारी साधन खरिद** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नुपर्नेमा प्रदेश सरकारको राजस्व बाडँफाट रकमबाट सवारी साधन खरिदको भुक्तानी दिन मिल्ने देखिदैन । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गाउँपालिकाले निम्न अनुसार सवारी साधन खरिद गरी भुक्तानी गरेको मनासिब देखिएन ।

क्र.सं.	सवारी साधन	संख्या	रकम
१	मोटरसाइकल	५	१५,३९,५००

४८ **मसलन्द तथा कार्यालय सामग्री** -

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने यकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी रू.२५,८०,४८३ को मसलन्द तथा कार्यालय सामाग्री खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

४९ **पुँजिगत खर्चको अवस्था** -

सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा सार्वजनिक निकायले खरिदलाई खुला पारदर्शी र पर्तिस्पर्धी बनाउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार कूल पुँजिगत खर्च रू.५४१७६७९० मध्ये रू३८३३५६९७ अर्थात ७०.४१ प्रतिशत खुला प्रतिस्पर्धाको माध्यमबाट, रू.१२३८८८१५ अर्थात २२.८६ प्रतिशत सोझै खरिदको माध्यमबाट, रू.३४५२२७८ अर्थात ६.७३ प्रतिशत अमानतको माध्यमबाट, रू.३४५२२७८ अर्थात ६.७३ प्रतिशत उपभोक्ता समिति मार्फत खरिद भएको देखिएको छ। खरिदलाई बढि प्रतिस्पर्धात्मक र खुला बनाउन पालिकाको ध्यान जानुपर्दछ।

सि.नं.	विवरण	खर्च रकम	कुल खरिदमा प्रतिशत
१	खुला बोलपत्र	३८३३५६९७	७०.४१
२	सोझै खरिद	१२३८८८१५	२२.८६
३	उपभोक्ता समिति	३४५२२७८	६.७३
	जम्मा	५४१७६७९०	१००

५० **सोझै खरिद -**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ । नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न २२ वटा निर्माण व्यवसायीमार्फत निर्माण कार्य रु. २,२७,६१,३९१।५८ सोझै खरिद बिधि मार्फत खरिद गरेको देखियो। सोझै खरिद हुदा लागत अनुमानकै हाराहारीमा सम्झौता तथा भुक्तानी हुँदा पालिकाले प्रतिस्पर्धाको लाभ प्राप्त नहुने अबस्था रहने हुँदा सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नुहुदैन ।

५१ **बोलपत्रको मुल्याङ्कन -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजक रुपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलत रुपमा बुझि वा नबुझि अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नुपर्दछ । त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नुपर्दछ । मूल्याङ्कन समितिले मागेको स्पष्टिकरण सन्तोषजन भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टिकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको २३.९५ प्रतिशत देखि ५७.७२ प्रतिशत सम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको छ। लागत अनुमानको करिव ५७.७२ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुन सक्ने अवस्था स्वभाविक नदेखिदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। साथै कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमानभन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्ने सम्भाविक जोखिम व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

ठेक्का नं.	योजनाको नाम	लागत अनुमान (मू.अ.कर समेत)	सम्झौता रक (मू.अ.कर समेत)	घटी %
JRM/BULDING/NCB/ ०८१/०८२/०३	प्रशासनीक भवनको दोस्रो र तेस्रो तला थप	३६,८१८,०३९.५४	२५,९९३,२९८.८६	२९.४
JRM/WORKS/NCB/ ०८१/०८२/०४	सुन्दरी मठ जाने सडक खण्डको मुस्लीम टोलको मस्जिद देखी डुमरयिा जाने सडक कालोपत्रे	५,०४१,३७८.५३	३,५२९,७८४.२८	२९.९८
JRM/WORKS/NCB/ ०८१/०८२/०५	वडा नं. १ को जनता आ वि दक्षिण सिघिंया खोला जाने सडक कालोपत्रे	५,०६९,२६४.६७	३,३८५,८२७.९३	३३.२१
JRM/WORKS/NCB/ ०८१/०८२/०६	वडा नं. ४ को वडा कार्यालय देखी मधुरा टोल जाने सडक कालोपत्रे	४,८९३,४०१.२७	३,२९५,४५१.६६	३२.६६
JRM/WORKS/SQ/ ०८१/०८२/०८	महादेवकोल अन्नत मन्दिर देखी माल्दैया टोल सम्म बाटो निर्माण	१,८१५,६५३.३१	१,१५३,३२४.४४	३६.४८
JRM/WORKS/SQ/ ०८१/०८२/१०	जहदा १ स्थीत सिघिया खोला तटबन्ध ममर्त (भुवनेश्वर मलाहाको खेत अगाडी)	१,६४७,८२८.८७	१,१३४,६३८.५०	३१.१४
JRM/WORKS/NCB/ ०८१/०८२/१६	वडा नं. ७ को वडा कार्यालय भवन निर्माण	१३,९५०,९००.९२	८,८५३,३६२.३२	३६.५४
JRM/WORKS/NCB/ ०८१/०८२/१७	स्यालो टयूवेल तथा मोटर जडान	३,७०१,९४९.१९	२,२६५,८२५.०४	३८.७९
JRM/WORKS/SQ/ ०८१/०८२/२०	लोहोन्द्रा खोला दक्षिण छेउबाट पुरानो बाटो माटो ग्राभेल लोहोन्द्रा खोला सम्म र तरिगामा बूएँ को कार्यालय कम्पाण्ड वाल तथा माटो फिलिङ्ग गर्ने कार्य वडा नं. ७	१,०४४,०९६.८०	७९४,०६२.५४	२३.९५
JRM/WORKS/SQ/ ०८१/०८२/२१	हाटबजार व्यवस्थापन तथा पूर्वाधार निर्माण	१,८८६,९५८.३३	७९७,७१६.९२	५७.७२
JRM/WORKS/SQ/ ०८१/०८२/२३	मसानघाट निर्माण र व्यवस्थापन (तिन स्थानमा)	१,३८२,२४३.६१	९५९,५३२.३४	३०.५८
JRM/WORKS/SQ/ ०८१/०८२/२८	विभिन्न विद्यालयमा ऋन्क्ष् क्जभभत परिवर्तन कार्य	१,९००,३७२.३८	१,२८९,४३५.७४	३२.१५

५२ **ठेक्का अभिलेख** -

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५३ **कन्टिन्जेन्सी खर्च** -

सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा वर्क चार्ज स्टाफ खर्च, सानातिना अन्य खर्च तथा फिजिकल कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा कार्यविधि स्वीकृत गराई खर्च गर्नु पर्दछ। पालिकाले कार्यविधि वेगर यो वर्ष कन्टिन्जेन्सी वापत रू.२१,७८,८४९ खर्च गरेको देखियो। तसर्थ कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यमा एकरुपता र बैधानिकता प्रवर्द्धन गर्न आवश्यक कार्यविधि स्वीकृत गराई खर्च गर्नुपर्दछ।

५४ **गुणस्तर परीक्षण -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा अधिकांसमा गुणस्तर परीक्षण गरेको छैन। निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न निर्माण कार्यमा तोकिएको गुणस्तर निहित रहेको छ भन्न सकिने अवस्था देखिएन। नियममा तोकिए बमोजिम गुणस्तर परीक्षण गर्नुपर्दछ।

५५ **रोजगारी सृजना -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा सुचिकृत ४०६ बेरोजगार मध्ये यो ८ जनालाई औसत ६३ दिनले ४८८८ दिन रोजगारी उपलव्ध गराई रु.५९४११०८श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। वर्षको करिब १५.५१ प्रतिशत दिन मात्र रोजगार उपलब्ध गराएर कार्यक्रमको सार्थकता हासिल हुदैन। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेकोले सोही अनुरुप स्थानीय नागरिकको उत्पादकत्व वृद्धि हुने स्वरोजगारमुलक कार्यक्रममा केन्द्रित हुन पर्दछ।

५६ **न्यानो झोला कार्यक्रम -**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका १ बर्थिङ सेन्टरमा गत वर्षको मौज्दात ५० र यस वर्ष १११ थान समेत १६१ खरिद गरेकोमा यस वर्ष ९८ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ६३ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

५७ **जिन्सी निरीक्षण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान तोकिएको समय भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। जेन्जी आन्दोलन पश्चात नष्ट भएका जिन्सी मालसामानको अवस्था यकिन गरि नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी, मिन्हा लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

५८ **जिन्सी मौज्दात जिम्मेवारी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४. को उपनियम (३) मा जिन्सी मालसामान तथा तत् सम्बन्धी श्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने, नियम ९५.(२) मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत बमोजिमको सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनुपर्ने उल्लेख छ। विगतमा जिन्सी सामाग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को version १ लागु

भएको आर्थिक बर्ष २०८१।८२ बाट PAMS version २ (PAMS V२) लागु भएकोले आर्थिक वर्षको अन्त्यमा PAMS version १ मा बाँकी रहेको जिन्सी सामाग्रीको मौज्दात version २ मा जिम्मेवारी सार्नुपर्नेमा खर्च भएर जाने जिन्सी सामानको जिम्मेवारी सारेको विवरण माग भएकोमा सो को विवरण पेश भएन। जिम्मेवारी नसार्दा जिन्सी सामानको उच्चतम सदुरुपयोग हुन नसक्ने अबस्था रहने हुँदा सबै जिन्सी सामानको जिम्मेवारी सार्नुपर्दछ ।

५९ **जिन्सी व्यबस्थापन -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा आंशिक रुपमा Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• खर्च भएर जाने जिन्सी सामाग्रीको आर्थिक बर्ष भरि निकासा नगरेको,

• सहायक जिन्सी खाता अद्यावद्यिक नगरेको ,

• जिन्सी सामाग्रीको मूल्य नखुलाएको,

६० **आन्तरिक लेखापरीक्षण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा प्रत्येक कार्यालयले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तिममा एक पटकमात्र गरेको देखियो । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

६१ **कृषि मेला प्रदर्शनीः**

(२१०-2081-06-22):

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले कृषि मेला प्रदर्शनी गर्न भनि नेपाल उद्योग वाणिज्य महासँघलाई सम्झौता अनुसार रु. १५००००.०० भुक्तानी गरेको फाँटवारीमा नेपाल उद्योग वाणिज्य महासँघले सो प्रदर्शनी आयोजना गरेको देखिने तथा प्रदर्शनीमा के वापत सो रकम खर्च गरेको हो सो स्पष्ट हुने प्रमाण कागजात संलग्न गरेको छैन । खर्च पुष्टि गर्ने बिल भरपाई लगायतको प्रमाण पेश गर्नुपर्ने रु.,

प्रमाण पेश नगरेको	१,५०,०००

६२ **गोश्वारा भौचर तथा बिल भरपाई नभएको खर्चः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा श्रेष्ता परीक्षण गर्दा जहदा गाउँकार्यपालिका चालु तर्फ

निम्नानुसारका रु. ९३६१३५.०० खर्च गरेको गोश्वारा भौचर तथा बिल भरपाई पेश भएन । गोश्वारा भौचर समेत विलभरपाई पेश गर्नुपर्ने रु.,

क्र. सं.	गोभौनं./ मिति	खर्च रकम रु.
१	१४३०।२०८२।३।२४	१०००००.
२	१४३८।२०८२।३।२५	४५००००.
३	१४४८।२०८२।३।२५	७४५८०.
४	१३९४।२०८२।३।२३	१३०००.
५	९६९।२०८२।१।१७	२९८५५५.
जम्मा		९३६१३५.

प्रमाण पेश नगरेको	९,३६,१३५

६३ **गहुँ बिउ वृद्धि कार्यक्रमः**

(१४०५-2081-03-24):

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । गहुँको बिउ वृद्धि गर्न भनि नेपाल राष्ट्रिय बिउ विजन कम्पनी प्रा.लि. रु. २२७६८०.०० भुक्तानी गरेको फाँटवारीमा नेपाल उक्त कम्पनीले गहुँ बिउ वृद्धि कार्यक्रममा के कुन शीर्षकमा रकम खर्च गरेको हो कृषि सामाग्री, बिउ, मल लगायत कुन किसनलाई बुझाएको र अन्य के कार्य गरेको हो सो स्पष्ट हुने प्रमाण कागजात संलग्न गरेको छैन । कार्यक्रम तथा खर्च पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने रु.,

प्रमाण पेश नगरेको	२,२७,६८०

६४ **अन्य सामाजिक सहयताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, राणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना वनाई लागू गर्नुपर्ने उल्लेख छ । दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यपालिकाको निर्णय तथा पदाधिकारीको तोक आदेशमा विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक सहायता स्वरुप रु. २५६१०००.०० भुक्तानी गरेको देखियो । गरिब घर परिवार तथा संस्थाको वास्तविक आवश्यक्ता पहिचान नगरी पालिकाले त्यस्तो आर्थिक सहायता वितरण गर्दा आर्थिक रुपले कमजोर नागरीकलाई मात्र त्यस्तो प्रकारको सहायता वितरण गरेको भन्न सकिएन ।त्यस्तो आर्थिक सहायता सोझै लाभग्राहीको बैंक खातामा भुक्तानी नगरी कर्मचारीलाई पेश्की दिएर वितरण गरेको देखियो । त्यस्तो खर्च लाभग्राहीको बैंक खातामा भुक्तानी गरी त्यस्तो खर्चको सार्वजनिकीकरण गर्नुपर्दछ साथै वितरणमुखी खर्च नियन्त्रण गर्दै उत्पादनमुलक कार्यमा लगानी बढाउन पालिकाले ध्यान दिनु पर्दछ ।

६५ **खेलकुद कार्यक्रम संचालनः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिमेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि तयस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउँपालिका तथा वडा स्तरीय देहायका विभिन्न खेलकुद कार्यक्रमलाई रु. ७२०१९९ भुक्तानी गरेको छ । उक्त कार्यक्रमको नर्म्स तथा कार्यविधि बेगर खर्च भएको छ । नर्म्स तथा कार्यविधि तयार गरी त्यस्ता कार्यक्रम संचालन गर्नुपर्दछ ।

केही उदाहरण

गो. भौ . नं . / मिति	भुक्तानी लिनेको नाम	भुक्तानी रकम रु.
१२०७।२०८२।३।११	वडा स्तरिय फुटबल कार्यक्रम वडा नं. ४ (खेलकुद उपभोक्ता समिति)	१९९६५८.
१२०७।२०८२।३।११	वडा अध्यक्ष कप क्रिकेट प्रतियोगिता नं. ७ (वडा अध्यक्षकप क्रिकेट प्रतियोगिता उपभोक्ता समिति)	१००००००.
९८६।२०८२।१।२३	वडा अध्यक्ष खेलकुद विकास कार्यक्रम नं. ३ (वडा अध्यक्ष खेलकुद विकास उपभोक्ता समिति)	१७५०००.
९८६।२०८२।१।२३	वडा अध्यक्ष कप कब्बड्डीखेलकुद विकास कार्यक्रम नं. ७ (वडा अध्यक्ष कप कब्बडी खेलकुद प्रतियोगिता संचालन समिति)	१७५०००.
९८६।२०८२।१।२३	वडा अध्यक्ष कप कब्बड्डीखेलकुद विकास कार्यक्रम नं. १ (वडा अध्यक्ष कप कब्बडी खेलकुद प्रतियोगिता संचालन समिति)	१०००००.

६६ **सवारी साधन मर्मतः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने एवं नियमावली, २०६४ को नियम ८४ मा रु.१० लाखदेखि रु.२० सम्मको लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ त्यस्तै नियम ८५ मा पाँच लाख रुपैया सम्मको लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा र कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेण्टरबाट गरिने सवारी साधन मेशिनरी औजारको पाँच लाख रुपैया सम्मको मर्मत सम्भार सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारका आपूर्तकबाट यो वर्ष सवारी साधन मर्मत गर्दा एकै आपुर्तकबाट वार्षिक पाँच लाख रुपैया भन्दा बढीको सवारी साधन मर्मत गर्दा खरिद कार्य बोलपत्र आह्वान नगरी सोझै खरिद गरी रू. भुक्तानी गरेको देखियो । नियमानुसार बोल पत्र आह्वान गरी प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गर्नेतर्फ पालिकको ध्यान जानु पर्दछ ।

गो. भौ.नं. / मिति	सेवा प्रदायक	कामको विवरण	भुक्तानी रकम रु.
१३०।२०८१।६।१४	अशिष सर्भिसिङ्ग सेण्टर	सवारी साधन मर्मत	६१७२५३
३५७।२०८१।८।१३	मोरङ अटो वर्कसप	सवारी साधन मर्मत	९३५९२
५४६।२०८१।९।२९	मोरङ अटो वर्कसप	सवारी साधन मर्मत	९४६४३
९४०।२०८२।१।९	मोरङ अटो वर्कसप	सवारी साधन मर्मत	९०३१५
१०४३।२०८२।२।४	मोरङ अटो वर्कसप	सवारी साधन मर्मत	५४४८८
१०४३।२०८२।२।४	मोरङ अटो वर्कसप	सवारी साधन मर्मत	५४४८८
३।२०८२।२।१४	मोरङ अटो वर्कसप	सवारी साधन मर्मत	२२२१०७
१२१५।२०८२।३।१२	मोरङ अटो वर्कसप	सवारी साधन मर्मत	५४१७७
जम्मा			१२८१०६३

६७ **वितरणमुखी खर्चः**

सास्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा गाउँपालिकाले देहाय बमोजिमका व्यक्ति तथा संस्थालाई निम्नानुसारको रु. ६८४५२१२ को वितरणमुखी खर्च गरेको छ । यस्तो वितरणमुखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

केही उदाहरण

गो. भौ . नं ./ मिति	भुक्तानी लिने व्यक्ति/ संस्था	खर्च रकम रु.
३१।२०८१।६।१६	तिज दर खाने कार्यक्रम व्यवस्थापन खर्च वितरण	२१०००
१९२।२०८१।६।२३	राधाकृष्ण रथ यात्रा कार्यक्रम व्यवस्थापन खर्च वितरण	५००००
२४८।२०८१।७।७	गर्भवती महिलाई क्यालसियम वितरण	७२५४२०
१०९१।२०८२।२।१८	गर्भवती महिलाई क्यालसियम वितरण	७४२१४
२७५।२०८१।७।१३	दुर्गा मन्दिर पुजा कार्यक्रम व्यवस्थापन खर्च वितरण(दुर्गा मन्दिर संचालक समिति)	१८१०००
५३५।२०८१।९।२९	दुर्गा मन्दिर पुजा कार्यक्रम व्यवस्थापन खर्च वितरण(दुर्गा मन्दिर व्यवस्थापन समिति)	९१०००
३४६।२०८१।८।७	कोजागरा देवी मन्दिर पुजा कार्यक्रम व्यवस्थापन खर्च वितरण(दुर्गा मन्दिर व्यवस्थापन समिति)	५१०००
३४६।२०८१।८।७	कोजागरा देवी मन्दिरमा वाद्यवाधन सामाग्री वितरण	९४९२०
३२५।२०८१।८।४	दशै पुजा कार्यक्रम व्यवस्थापन खर्च वितरण(विजय कुमार सिंह)	३१०००
३७५।२०८१।८।४	तरकारी बिउ वितरण	२५०००
३२५।२०८१।८।४	शिव चर्चा प्रचार प्रसार व्यवस्थापन खर्च वितरण(शिव चर्चा प्रचार प्रसार समिति)	४१०००
५७९।२०८१।१०।९	क्रिसमस महत्सव कार्यक्रम व्यवस्थापन खर्च वितरण(क्रिसमस महत्सव कार्यक्रम उपभोक्ता समिति)	८५०००
११४१।२०८२।३।१	च्याउँको बीउ वितरण कार्यक्रम	१४१५००
१३३५।२०८२।३।२२	कृषि फर्म तथा उधमि कृषकलाई ड्रिप ईरिगेसन तथा फोगर सामाग्री वितरण	२९२८७५
१३५४।२०८२।३।२२	कृषकलाई कृषि चुन वितरण	१८६६६३
१३३४।२०८२।३।२२	भर्मी कम्पोष्ट बनाउने आधुनिक ड्रम र बिन वितरण	२९१६००
१३५२।२०८२।३।२३	हरियो मलका लागि ढैचाँको बीउ वितरण	१०००००
८१२।२०८१।१२।६	नारी दिवस तथा अन्य महिला दिवस कार्यक्रम व्यवस्थापन खर्च वितरण	१४९९४०
४८७।२०८१।९।२२	काली मन्दिर पुजा कार्यक्रम व्यवस्थापन खर्च वितरण(काली मन्दिर उपभोक्ता समिति)	२५०००
४८४।२०८१।९।२२	काली उत्सव मेला कार्यक्रम व्यवस्थापन खर्च वितरण(काली उत्सव मेला समिति)	३१०००
४७७।२०८१।९।८	करुणा फाउण्डेशन पदाधिकारी बिदाई कार्यक्रम व्यवस्थापन खर्च वितरण(प्रतिमा कुमारी यादव)	३००००
४७६।२०८१।९।८	महिला स्वास्थ्य स्वयंसेविकालाई झोला तथा सम्मान सामाग्री वितरण(राज कुमार दास)	१०००००
४७५।२०८१।९।८	अपाँगता दिवस कार्यक्रम व्यवस्थापन खर्च वितरण(प्रतिमा कुमारी यादव)	५००००
४७५।२०८१।९।८	मानव अधिकार दिवस कार्यक्रम व्यवस्थापन खर्च वितरण(प्रतिमा कुमारी यादव)	४९९९०
४७५।२०८१।९।८	महिला हिंषा विरुद्ध १६ दिने अभियान कार्यक्रम व्यवस्थापन खर्च वितरण(प्रतिमा कुमारी यादव)	१९९५६९
३४३।२०८१।९।४	शिक्षक सेवा पास गरेका शिक्षक सम्मान कार्यक्रम व्यवस्थापन खर्च वितरण(दिपक खनाल)	४९१४०
५३१।२०८१।९।२९	जेष्ठ नागरीक सम्मान कार्यक्रम ब्लाङ्केट हर्लिक्स वितरण(समृद्धि नेपाल)	२९८६५९
५२७।२०८१।९।२६	एमप्लिफायर हारमोनियम मादल लगायत समाग्री वितरण	२४०२६२
५३१।२०८१।९।२९	जेष्ठ नागरीक सम्मान कार्यक्रम ब्लाङ्केट वितरण(समृद्धि नेपाल)	८४४६८
५३१।२०८१।९।२९	जेष्ठ नागरीक सम्मान कार्यक्रम स्वेटर वितरण(प्रतिमा कुमारी यादव)	१०००००

५६४।२०८१।९।२२	जलसा उत्सव मेला कार्यक्रम व्यवस्थापन खर्च वितरण(जन्तिमाई जलसा सञ्चालन समिति)	९५०००
५६४।२०८१।९।२२	समाचकेवा कार्यक्रम व्यवस्थापन खर्च वितरण(दिपनारायण यादव)	२५०००
५९४।२०८१।१०।४	जनता माध्यामिक विद्यालय समेत १० विद्यालयको विद्युत महशुल वितरण	१५५०००
५९४।२०८१।१०।४	जनता माध्यामिक विद्यालय समेत ५ विद्यालयको विद्युत महशुल वितरण	८५०००
१३२२।२०८२।३।२१	जनता माध्यामिक विद्यालयका विद्यार्थीलाई झोला वितरण	९९६०९
१२९०।२०८२।३।१८	उपभोक्ता समिति गठन व्यवस्थापन खर्च वितरण(सीता खड्का)	१०००००
१२४७।२०८२।३।१६	भानु आधारभुत विद्यालय समेत ६ विद्यालयको विद्युत महशुल वितरण	८४९९५
१२३३।२०८२।३।१३	शलेश मन्दिर पुजा व्यवस्थापन खर्च वितरण(दिलिप कुमार पासवान)	२५०००
१२९०।२०८२।३।१८	उपभोक्ता समिति गठन व्यवस्थापन खर्च वितरण(दिलिप कुमार मण्डल)	४९१३५
११८४।२०८२।३।४	उपभोक्ता समिति गठन व्यवस्थापन खर्च वितरण(सिता खड्का)	५००००
१२९०।२०८२।३।१८	विद्यालयलाई सि. सी . टि . भी . खरिद वितरण	३५७७८०
१२९०।२०८२।३।१८	श्रीमद भागवत पुराण कार्यक्रम व्यवस्थापन खर्च वितरण(श्रीमद भागवत साप्ताहिक पुराण ज्ञान महायज्ञ)	५१०००
१२०८।२०८२।३।११	मौसमी फलफुल विरुवा वितरण	५९१३८६
११३५।२०८२।३।१	सत्य नारायण पूजा कार्यक्रम व्यवस्थापन खर्च वितरण	४१०००
१०७८।२०८२।२।१४	विद्यालयको बाल क्लव तथा मदरसाहरुलाई शैक्षिक सामाग्री वितरण	३४६८१३
११३५।२०८२।३।१	दिनाभद्री पूजा कार्यक्रम व्यवस्थापन खर्च वितरण	२१०००
१०३४।२०८२।२।२	रनकाली पूजा कार्यक्रम व्यवस्थापन खर्च वितरण	२५०००
७३५।२०८१।११।२२	दिनाभद्री पूजा कार्यक्रम व्यवस्थापन खर्च वितरण	२१०००
१०३४।२०८२।२।२	सहकारी दिवस कार्यक्रम व्यवस्थापन तथा टिसर्ट वितरण(दिपक कुमार खड्का)	१३५८८०
१०१४।२०८२।१।२८	तरकारी बिउ (मिनी कीट) वितरण	३४५१४४
१०१४।२०८२।१।२८	बंगुर माउ वितरण	१९८२५०
८१६।२०८१।१२।६	सोहराय संरक्षण कार्यक्रम व्यवस्थापन खर्च वितरण	५१०००
जम्मा		६८४५२१२

६८ **अवलोकन भ्रमणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिका र वडा कार्यालयका कर्मचारी तथा जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धिको लागि अध्ययन अवलोकन भ्रमणको लागि आर्थिक वर्ष २०८१।०८२ को वार्षिक योजना तथा कार्यक्रममै बजेट व्यवस्था गरी यो वर्ष वडा कार्यालय तथा नगरपालिकाका कर्मचारी र जनप्रतिनिधिहरुले विभिन्न धार्मिक तथा पर्यटकिय स्थलहरुको अवलोकन भ्रमण गरी रु. १४५०००० खर्च लेखेको छ । यसरी स्विकृत बजेटबाट भ्रमण गर्दा भ्रमणको उद्देश्य कार्यालयको कार्य सम्पादन सँग सम्बन्धित नभई धार्मिक र मनोरञ्जनात्मक मात्र देखिएकोले यस्ता भ्रमणलाई कार्यालयको कार्य सम्पादनसँग सम्बन्धित बनाई अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्नुपर्दछ । राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको मार्गदर्शन विपरित समानिकरण अनुदानबाट कर्मचारी तथा पदाधिकारीको अध्ययन अवलोकन भ्रमणमा गरेको खर्च यस्तो खर्चमा नियन्त्रण गरी समानिकरण अनुदान को रकम दिर्घकालिन महत्विवको कास निर्माणको कार्यमा खर्च गर्नुपर्दछ ।

गो. भौ . नं. / मिति	भ्रमण विवरण	खर्च रकम
१४१२।२०८२।३।२४	वडा नं. ४ का पदाधिकारी तथा कर्मचारीको कास्की , चितवन , लगायतका जिल्ला भ्रमण (कमल किशोर सिंह)	१५००००
१३०५।२०८२।३।१९	वडा नं. ५ का पदाधिकारी तथा कर्मचारीको कास्की , चितवन , लगायतका जिल (रमा कट्टवाल)	२५००००
७२९।२०८१।११।१२	वडा नं. ६ का पदाधिकारी तथा कर्मचारीको कास्की , चितवन , लगायतका जिल्ला भ्रमण (मेम लाल राजवंशी)	२०००००
१०१३।२०८२।१।२८	वडा नं. २ का पदाधिकारी तथा कर्मचारीको कास्की , चितवन , लगायतका जिल्ला भ्रमण (सिता खड्का)	२०००००
१२०३।२०८२।३।१०	पालिका क्षेत्रका प्रधानाध्यापक तथा शिक्षा शाखाका कर्मचारीको इलाम, लगायतका जिल्ला भ्रमण (नविन गौतम)	३०००००
९१२।२०८२।१।४	वडा नं. १ का पदाधिकारी तथा कर्मचारीको कास्की , चितवन , लगायतका जिल्ला भ्रमण (लिला कान्त सा) हु	२०००००
१३५१।२०८२।३।२२	वडा नं. ३ का पदाधिकारी तथा कर्मचारीको कास्की , चितवन , लगायतका जिल्ला भ्रमण (लक्ष्मी प्रसाद मण्डल)	१५००००
जम्मा		१४५०००००

६९ **जिन्सी दाखिला प्रमाण नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी श्रेस्ता समेत खडा गरी अद्यावधिक गरी राख्नु पर्ने उल्लेख छ । पालिकाले रु. ५७५३३५ को निम्नानुसारका खर्च भएर जाने तथा खर्च भएर नजाने जिन्सी सामाग्री खरिद गरी भुक्तानी गर्दा जिन्सी दाखिला गरेको देखिएकोले उक्त जिन्सी समाग्रीको नियमानुसार PAMS मा जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.,

भौ. नं ./ मिति	खरिद गरिएको जिन्सी सामाग्री	आपुर्तक	भुक्तानी रकम रु.
१९४।२०८१।६।२१	फोर्टिगेट राउटर	साह ट्रेड ग्रुप	९००००.
१४१७।२०८२।।३।२४	रजिष्टर, नगदी रसिद लगायत ३३६ थान	युवा सप्लायर्स	४८४७७.
१३९१।२०८२।३।२३	एम्प्लिफायर ३, कार्टाइल४ , मजारी४ , ट्रली स्पिकर४ , साउण्डबक्स लगायत ११ प्रकारका सामाग्री	हुसेन इन्टरप्राइजेज	३३७८७०.
१२७०।२०८१।६।२१	शैक्षिक कार्यपात्रो १२०० थान	जनपथ छापाखाना एण्ड स्क्रीन प्रिण्ट	९८९८८.
जम्मा			५७५३३५

प्रमाण पेश नगरेको	५,७५,३३५

७० **अन्य निकायको खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले गाउँकार्यपालिकाको कार्यालयको निर्णय अनुसार सुरक्षा निकाय तथा अन्य सरकारी कार्यालयलाई कार्यालय व्यवस्थापन तथा मर्मत सम्भार कार्यको लागि बिल बिजकको भुक्तानी खर्च लेखेको छ । उक्त निर्णय अनुसार निम्नानुसारका सरकारी कार्यालयलाई रु. ७२५९८३ भुक्तानी गरेको देखियो । पालिकाले पालिका क्षेत्र बाहेक अन्य निकायको खर्च निकायको खर्चमा कटौती गरी आफ्नो क्षेत्राधिकार भित्रको कार्यलाई प्राथमिकता दिनुपर्दछ ।

सि. नं .	कार्यालयको नाम	कामको विवरण	खर्च रकम
१	मालपोत कार्यालय	कार्यालय व्यवस्थापन/ कार्यालय सामाग्री	२९८४८३
२	विभिन्न कार्यालय	संघिय मामिला तथा अन्य कार्यालयका कर्मचारीलाई भ्रमण खर्च	४७५००
३	शशत्र प्रहरी बल नेपाल	२ कोठे पक्की भवन	३८००००
जम्मा			७२५९८३

७१ **अनुदानको अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले संघ र प्रदेशको सशर्त अनुदान समेत कृषि तर्फ रु.३४ लाख ५८ हजार कृषक तथा कृषक समुहलाई अनुदान खर्च लेखेको छ, जसमा रु.१७ लाख २ हजार लागत सहभागिता रहेको देखिन्छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय नगरेकोले यस प्रकारको अनुदान वेभसाईटमा सार्वजनिकीकरण गर्नु पर्दछ। अनुदानको अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

क्र.सं.	कार्यक्रम	परिमाण	अनुदान रकम	लागत सहभागिता	कैफियत
	कृषि तर्फः				
१	गहुँ बालीको उन्नत बीउ	१०४७० केजी	१०४७००	१०४७००	३२ कृषक तथा सहकारीलाई वितरण
२	धान बालीको उन्नत बीउ	४३५० केजी	४३५००	४३५००	१५६ कृषकलाई वितरण
३	पावर टिलर	१ थान	१३००००	१३००००	१ कृषकलाई वितरण
४	स्प्रेयर	२० थान	५९९९९	५९९९९	२० जना कृषकलाई वितरण
५	हर्दिनाथ	३५ बोरा	४७२५०	४७२५०	२५ जना कृषकलाई वितरण
६	डेलीभेरी पाईप	६२५ केजी	७०३११	७०३११	२२ जना कृषकलाई वितरण
७	जिंक ८%	५०० केजी	३२४८७	३२४८७	२५ कृषकलाई वितरण
८	जिंक २१%	३५ केजी	४५४८	४५४८	वितरण भरपाई पेश नभएको
९	ईलेक्ट्रिक मोटर	२० थान	२७०००२	२७०००२	२० कृषक लाई वितरण
१०	जिरो भेटर	२ थान	१९००००	१९००००	२ कृषकलाई वितरण
११	कम्बाईन थेर्सर	१ थान	१९७५००	१९७५००	१ जना कृषकलाई वितरण
१२	चैते २ उन्नत विउ	६५० केजी	२०१५०	२०१५०	
१३	राधा १२ उन्नत विउ	३३५० केजी	१०३८५०	१०३८५०	
१४	स्वर्णा सब १ उन्नत विउ	३५० केजी	१०८५०	१०८५०	
१५	गहुको विउ	१२० केजी	४७११५०	४१७१५०	
	कृषि तर्फको जम्माः		**१७५६२९७**	**१७०२२९७**	

७२ **वढि भुक्तानी** -

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१२,८८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७३ **अधुरो निर्माणको लागि वजेट विनियोजन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाले अधुरो निर्माण कार्यको लागी वजेट विनियोजन गरीखर्च लेखेको पाईयो । यस्ता अधुरा कार्यमा डुप्लिकेशनको समेत जोखिम रहन सक्ने हुँदा प्रतिफलमुखी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।

योजनाको नाम	उपभोक्ता समिति	भुक्तानी रकम	कैफियत
श्री वावा शिवमन्दिर अधुरो भवन निर्माण	श्री वावा शिवमन्दिर अधुरो भवन निर्माण उ.स.	३८००००	
अधुरो दुर्गा मन्दिर रामचोक वडा नं. ४	दुर्गा मन्दिर निर्माण उ.स.	९५००००	
लक्ष्मीनारायण मन्दिर,हटिया चोक वडा नं. ४	लक्ष्मीनारायण मन्दिर,हटिया चोक उ.स.	३८००००	पिसिसि, प्लाष्टर र टायल ,वत्ति ग्रिलको कार्य
अधुरो सत्संग भवन निर्माण वडा नं. ७	अधुरो सत्संग भवन निर्माण उ.स.	८३७३२१	लिन्टेल भन्दा माथिको ईटाको वाल, बिम स्लाब ढलान,

७४ **निर्माण कार्यको लागत अनुमान -**

सार्वजनिक खरिद नियमावलीको, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा स्वीकृत नर्म्स अनुसार तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानिय स्तरमा पर्याप्त उपलब्ध हुने निर्माण सामाग्रीलाई पनि जिल्ला दररेटमा ढुवानी ४३ कि.मि देखि ४९ किलोमिटर सम्मको दुरी राखि भुक्तानी गरेको पाईयो। यसले गर्दा निर्माण कार्यमा लागत वढ्न गई पालिकालाई थप ब्ययभार परेको देखिन्छ। स्थानियस्तरमै उपलब्ध हुने उक्त निर्माण सामाग्रीको दरलाई यथार्थपरक राखि सो अनुसार लागत अनुमान तयार गरी भुक्तानी गर्नुपर्ने देखिन्छ। ।

७५ **वढितोला स्वास्थ्य चौकी भवन निर्माण -**

७५.१ **समयमा कार्य सम्पन्न नभएको-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले सम्झौता वमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्दछ। लागत अनुमान रु. ४०,१५,०२६।७३ भएको आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण कार्यको लागी वढितोला स्वास्थ्य चौकी निर्माण उपभोक्ता समितिसंग गाउँपालिकाले रु. ३६,१०,०००।– वेहोर्ने गरी मिति २०८२।२।५ मा २०८२।३।२० भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा पालिकाले यस वर्ष दोश्रो रनिङ वील सम्म रु.२९,५२,८७३.९५।– को मुल्याङकन भई रु. २६,५४,९१९।- भुक्तानी गरेको छ। उक्त कार्यको लागी २०८२।५।२३ मा २०८२।८।१८ सम्म म्याद थप भएको देखिन्छ। सालवसाली रुपमा गर्ने गरी बिनियोजन भएको योजना सोही आर्थिक वर्ष सम्पन्न हुने गरी सम्झौता वमोजिम कार्य सम्पन्न गर्नुपर्दछ।

७५.२ **कार्यालयको काममा उपभोक्ता-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिलाई हस्तान्तरण गर्न नमिल्ने, रेखदेख तथा मर्मत सम्भार गर्ने जिम्मेवारी प्रदान गर्न नसकिने वडा नं. ७ को वढितोला स्वास्थ्य चौकी भवन निर्माण योजना उपभोक्ता समिति मार्फत गराई गो. भौ.नं.१-२०८२।३।४ र ६-२०८२।३।२४ (अन्तर सरकारी अख्तियारी) बाट रु. २६,५४,९१९।- भुक्तानी गरेको देखियो । हस्तान्तरण गर्न नमिल्ने कार्यालयको काम उपभोक्ता समिति मार्फत निर्माण गराई भुक्तानी दिएको मनासिब देखिदैन ।

७६ **स्यालो ट्युवेल जडान -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्न सकिने उल्लेख छ। पालिका चालु भौ.नं. ७६३-२०८१।११।२६ वाट आरम्भ हार्डवेयर एण्ड सप्लायर्सलाई रु. ९१४,१८५।– भुक्तानी गरेकोमा देहायवमोजिमको सामाग्री दाखिला नं. ६३ मिति २०८१।११।२५ मा रु. ८३४१८४.५० को दाखिला भएको देखिन्छ। साथै साहस नेपाल र पालिका वीच २०८१।१०।८ मा भएको सम्झौता वमोजिम ट्युवेल जडानका लागी आवश्यक सामाग्री खरिद गरी सहास नेपाललाई हस्तान्तरण गर्ने ,ट्युवेल निर्माणका लाग प्राबिधिक निरिक्षण र सहयोग गर्ने , नियमित अनुगमन र मुल्याङ्कन गरी योजनालाई पथ प्रभावकारी वनाउने, ट्युवेल जडान गर्ने क्रममा कुनै समस्या आएमा समस्या समाधान गर्न निर्णायक भुमिका निर्वाह गर्ने उल्लेख छ। शर्त वमोजिम ट्युवेल जडानभएको आश्वस्त हुने प्राबिधिक मूल्याङकन सलग्न हुनुपर्दछ।.

सामाग्री	परिमाण	हस्तारण मिति सहास नेपाललाई	जिन्सी दाखिला
४० एमएम एचडिपिई पाईप	९६० केजी	२०८१।११।२५	दाखिला नं. ६३ मिति २०८१।११।२५ मा रु. ८३४१८४.५०
४० एमएम टि सकेट	८० थान		
४० एमएम जिआई पाईप	१२१.९५ मिटर		
फिल्टर जाली	१२० मीटर		
हेडपम्प क्याप	८० थान		
ट्युवेल सेट २० केजी	८० थान		
निप्पल ४० एमएम	८० थान		

त्यसैगरी पालिकाले भौ.नं. २८८-२०८२।३।२४ वाट वडा नं २ का लागी भनी खानेपानी तथा सिचाईका लागी रु. ४,९०,६१२।- स्यालो ट्युवेल तथा पाईप खरिद गरेकोमा खरिद गरिएको परिमाणको स्यालो ट्युवेल पाईप जडान भएको प्राबिधिक मूल्याङ्न पेश भएन। बितरण भएको उक्त सामाग्रीमा अनुदान बिबरण खुल्ने प्रिन्ट वा प्लेट टाँस, जडानको प्राबिधिक मूल्याङ्कन तथा उपयोगको अनुगमन प्रतिवेदन लगायत अनुदानको सहि सदुपयोग भएको आश्वस्त हुने प्रमाण संलग्न गर्नुपर्दछ। साथै उक्त सामाग्री सोहि प्रयोजनमा प्रयोग भएको सुनिश्चितताको लागि पालिकाले अनुगमन गर्नुपर्दछ ।

सामाग्री	परिमाण (थान बितरण)
११० एमएम को एचडिपिई पाईप	१०९ मिटर
ट्युवेल हेड सेट १६ केजीको	१६ सेट
४० एमएम जिआई पाईप	१ मिटरको १६ थान
४० एमएम एचडिपिई पाईप	२१ मिटर लामो १६ थान
१०० एमएम जिआई पाईप	१.५ मीटर लामो ८ थान
पिभिसि क्यासिङ पाईप ४ ईन्च	१९ मिटर लामो ८ थान
पिभिसि स्क्रिन पाईप ४ ईन्च	६ मीटर लामो ८ थान
पिभिसि कोन ४ ईन्च	१ मीटर लामो ८ थान
वोतल टि साईज	८ थान
भौ.नं.२४२-३।१९ (न्यु मोडेल हार्डवेयरवाट	९३६९४
ह्याण्डपम्प सेट २० केजिको	११ सेट

७७ **पदाधिकारी औषधी उपचार खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा जनप्रतिनिधिहरुलाई औषधी उपचार सम्बन्धी कानूनी व्यवस्था भएको देखिँदैन । पालिकाले प्रदेश ऐनमा भएको सेवा सुविधा विपरित यस वर्ष वडा नं. ७ का वडाध्यक्ष श्री भगवान मरण्डीलाई कार्यपालिकाको निर्णयको आधारमा आर्थिक सहायता शीर्कबाट औषधी उपचार खर्च रु. ४१०००.०० भुक्तानी गरेको पाइयो । पालिकाले निर्दिष्ट ऐन नियम विपरित हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

७८ **लोकसेवा आयोग सम्बन्धी तालिम कार्यक्रमः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले मुख्य जनशक्ति एवं अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण खर्च जनशक्तिको बसोबास खर्च, कार्यालय खर्च, आवश्यक मालसामान उपकरण र सेवा खर्च, प्रतिवेदन र अन्य कागजातको अनुवाद, छपाई खर्च र तालीम गोष्ठी वा भ्रमणको व्यवस्था गर्नुपर्ने भए त्यस्तो कामको लागि लाग्ने खर्च समावेस गरी सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गरी सेवा कार्य खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले पालिका तथा वडा स्तरमा लोक सेवा तथा

शिक्षा सेवा आयोगले लिने परीक्षाको तयारी कक्षा सञ्चालन गर्न बजेटमा व्यवस्था गरी त्यस्ता कार्यक्रम सञ्चालन गर्न विभिन्न ६ वटा फर्म मार्फत रु. १४११५१५.०० भुक्तानी गरेको देखियो । एकै प्रकृतिको कार्य संचालन गर्न नियमानुसार लागत अनुमान तयार गरी बोलपत्र मार्फत गर्नुपर्ने कार्यक्रमलाई टुक्रा पारी विभिन्न फर्म मार्फत संचालन गरेको देखियो । यसरी तयारी कक्षा संचालन गर्दा सम्बन्धित कार्यको विज्ञता भएको जनशक्तिबाट उक्त कार्य भएको नदेखिएको साथै नियम विपरित टुक्रा पारी सेवा कार्य गराएको नियम सम्मत नदेखिएको रु.,

अनियमित भएको	१४,११,५१५

७९ **विद्यालयमा जिन्सी दाखिला प्रमाण नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी श्रेस्ता समेत खडा गरी अद्यावधिक गरी राख्नु पर्ने उल्लेख छ । निम्नानुसारका विद्यालयले रु. २२६९४० को निम्नानुसारका खर्च भएर जाने तथा खर्च भएर नजाने जिन्सी सामाग्री खरिद गरी भुक्तानी गर्दा जिन्सी दाखिला गरेको देखिएकोले उक्त जिन्सी समाग्रीको नियमानुसार PAMS मा जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

भौ. नं ./ मिति	विद्यालयको नाम	खरिद गरिएको जिन्सी सामाग्री	भुक्तानी रकम रु.
१२१९।२०८२।३।१२	श्री सार्वजनिक मा. वि .	सि. सी टिभी ८ थान लगायत	८९६४०
	श्री दुर्गा मा. वि .	LED डिस्प्ले थान १ लगायत	८१६६०
	श्री जनता मा. वि	सि. सी टिभी ८ थान लगायत	८९६४०
जम्मा			२२६९४०

प्रमाण पेश नगरेको	२,२६,९४०

८० **वडा सचिवको बैठक भत्ताः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि तयस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउँ कार्यपालिकको निर्णय अनुसार वडा सदस्य तथा वडा सचिवलाई वडा समितिको महिनामा जति पटक बैठक बसे पनि महिनाको २ वटा वैठकको मात्र वैठक भत्ता भुक्तानी गर्ने निर्णय गरेकोमा निम्नानुसारका वडा सचिवलाई महिनाको २ भन्दा बढी पटकको वैठक भत्ता भुक्तानी गरेको देखियो । निर्णय तथा नियम विपरित वढी भुक्तानी गरेको रकमको कर कट्टी बाहेकको रकम रु. ५१००असुल गरी दाखिला गर्नुपर्ने रु.

क्र. स .	वडा सचिवको नाम	वाडा नं.	वैठक भत्ता भुक्तानी गर्नुपर्ने पटक	वैठक भत्ता भुक्तानी गरेको पटक	बढी वैठक भत्ता भुक्तानी गरेको महिना	वैठक भत्ता दर	कर कट्टीबाहेक असुल गर्नुपर्ने रकम रु.
१	वडा सचिव श्री सुदिरा न्यौपाने		१२	१८	६	१०००	५१००

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रु **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रु **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	५,१००

८१ **वडा नं. ४ सञ्चालन खर्चः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि तयस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ पालिकाले रोजिना विष्टलाई वडा नं. ४ को वडा संचालन वापत रु. २७४१६.०० भुक्तानी गरेको फाँटवारीमा निज सो वडामा कार्यरत नरहेको तथा वडामा हुने बैठक तथा अन्य कार्यमा निज संलग्न नभएको तथा भुक्तानी माग दावी समेत नगरेकोमा निजलाई उक्त रकम भुक्तानी भएको देखियो । नियम विपरित असम्बन्धित व्यक्तिलाई भएको भुक्तानी रकम उक्त वडामा खर्च संचालन गर्ने व्यक्तिलाई बुझाएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२७,४१६

८२ **खर्चको पुष्ट्याईः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायको विवरण अनुसार गरेका खर्चलाई पुष्ट्याई गर्ने प्रमाण, कागजात संलग्न नगरी खर्च लेखेको देखियो । यसरी खर्च लेख्दा कार्यक्रम, उद्वेश्य, प्रयोजन तथा कार्यक्रम सञ्चालन भएको प्रतिवेदन समेतका आवश्यक प्रमाण कागजात संलग्न गरेर मात्र खर्च भुक्तानी गर्नुपर्दछ । देहायका खर्चहरुलाई आवश्यक पुष्ट्याई सहितको कागजात माग गर्दा २०८२ भाद्र २३ र २४ को जेन्जी आन्दोलनमा आगलागी भएको पालिकाको भनाई रहेको छ । यस सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

भौ नं	खर्च विवरण	भुक्तानी पाउने	भुक्तानी रकम	कैफियत
३७१।२०८२।३।२४	पोषणमैत्री कार्यक्रमको बाबालाई चिठि छपाई	एभरेष्ट ग्राफिक्स प्रिन्टर्स	९०४००	असार २४ मा छपाई भएकोमा वितरण भरपाई नभएको
३७५।२०८२।३।२४	विद्यालय पोषण सप्ताह अन्तर्गत विद्यालयमा कार्यक्रम	रिपु मर्दन डोटेल	२०९१५	कार्यक्रमको उपस्थिती बाहेक अन्य प्रमाण पेश नभएको
३७४।२०८२।३।२४	मातृ तथा नवजात शिशु कार्यक्रम अन्तर्गत गर्भवती महिलाको रेफर रकम	विजेन्द्र यादव	५००००	२० जनालाई ३००० का दरले वितरण गरेको भरपाई मात्र पेश भएको अन्य प्रमाण पेश नभएको
३६१।२०८२।३।२३	पोषणमैत्री कार्यक्रम अन्तर्गत विधार्थी भर्ना सहयोग कार्यक्रम	अल अफिस सप्लायर्स	१९६००९	विद्यार्थीलाई वितरण भरपाई पेश नभएको
३५९।२०८२।३।२३	पोषणमैत्री कार्यक्रमको पोषण सामाग्री खरिद	एभरेष्ट ग्राफिक्स प्रिन्टर्स	१७९८९६	खरिद सामाग्री उपयोग भएको नदेखिएको
३३९।३०८२।३।२१	पोषणमैत्री कार्यक्रमको पानीको गुणस्तर परीक्षण गर्ने सामाग्री खरिद	युदिप मेडिको सप्लार्यस	५७२९१०	सामाग्री प्रयोगको प्रमाण पेश नभएको
३८१।२०८२।३।११	पोषणमैत्रि कार्यक्रम को वडा स्तरीय खानेपानी तथा सरसफाइ सम्बन्धी समितिका पदाधिकारुहरुलाइ अभिमुखिकरणमा पुर्ण सरसफाई सम्बन्धी सचेतनामुलक फलेक्स छपाई	राजकुमार दास	९४९२०	प्रयोग तथा हस्तान्तरण प्रमाण पेश नभएको तथा युवा सम्लार्यसबाट खरिद भएको विलको भुक्तानी प्रमाण पेश नभएको
२६९।२०८२।३।४	पोषणमैत्रि कार्यक्रमको लागि फोलिक एसिड चक्की खरिद	लक्ष्मी श्री फार्मेसी	२९४२७५	हस्तान्तरण प्रमाण पेश नभएको
२६८।२०८२।३।४	स्वास्थ्य चौकीहरुको न्युनतम सेवा मापदण्ड सम्बन्धि अभिमुखिकरण तथा समिक्षा कार्यक्रममा सर्जिकल सामाग्री	राजकुमार दास	८७५१८	प्रयोग तथा हस्तान्तरण प्रमाण पेश नभएको तथा दिव्यांस सप्लार्यसबाट खरिद भएको विलको भुक्तानी प्रमाण पेश नभएको
८७।२०८१।१०।०४	पोषणमैत्री स्थानीय तह घोषणाका लागी बहुक्षेत्रीय पोषण सेवा विस्तार कार्यक्रम जंक फुड न्यूनिकरण तथा पुर्ण सरसफाई सम्बन्धि बनडिंग फलेक्स खरिद	एडभर्टाईजिङ्ग ट्रेनिङ्ग एण्ड न्यूज नेटवर्क	४४७२१७	वितरण भरपाई पेश नभएको
		जम्मा	**२०३४०६०**	

८३ **औषधी खरिदः**

औषधी खरिद तथा व्यवस्थापन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले संघीय सशर्त चालु र गाउँपालिका चालु समेतवाट औषधी खरिद गर्न रु.२६,४३,२५२।५० को लागत अनुमान बनाई बोलपत्र आव्हान गरेकोमा सवैभन्दा कम मूल्यमा प्रस्ताब पेश गर्ने सप्लायर्स डालिमा मेडिसेल्स् (पान नं.६०४९३३५१३) ले मू.अ.कर सहित रु.८,९५,३५३।८१ (६६.१३ प्रतिशत कम) मा सम्झौता गरिएकोमा रु.२०,१७,४४१।०० को मात्र औषधीहरु खरिद गरेको देखिन्छ । खरिद गरिएको औषधी मध्ये रु.७,९२,३४८।५० बाहेक अन्य रकमको पुन सोही डालिमा मेडिसेल्स् बाट बोलपत्रको दररेटमा खरिद गरि रु.११,२५,११८।०० भुक्तानी गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः

क) पालिकाले पालिका अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरूका लागि माग र आवश्यकताका आधारमा औषधी सम्बन्धी खरिद योजना तर्जुमा गरी स्वीकृत योजना बमोजिम औषधी खरिद गरेमा आदर्शतम् परिमाणमा औषधी खरिद गर्न सकिन्छ। पालिकामा कुन औषधी कति परिमाणमा खरिद गर्ने हो सो सम्बन्धमा कुनै योजना नै तयार नगरी पटक पटक विभिन्न शीर्षकबाट औषधी खरिद गरेको देखिन्छ। पालिकाले औषधी खरिद गर्दा खरिद गर्नुपर्ने आवश्यक्ता पुष्ट्याई नगरी फरक फरक दरमा खरिद गरेको देखिन्छ। यसरी पुष्ट्याई सहित आवश्यकता निर्धारण नगरी विभिन्न बजेट शीर्षकबाट औषधी खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

ख) आपूर्ति भएका औषधी जिन्सी दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको खुलाएको पाइएन। जसकारण औषधीको गुणस्तर सम्बन्धमा यकिन गर्न सकिएन।

ग) औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको।

घ) स्वास्थ्य सेवा विभागको प.सं २०८१।०८२, चलानी नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तर्गत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधी तथा औषधीजन्य सामाग्रीहरूको अभिलेख राख्ने प्रणाली eLMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ। साथै सोही परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना आषाढतिर म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V2 मा Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V2 मा औषधी तथा औषधीजन्य सामाग्रीहरूको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अधावधिक गरिसक्नुपर्नेमा हालसम्म पनि अभिलेख अधावधिक गरेको देखिएन।

ङ) औषधीको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ति र निकासा विच सन्तुलन कायम रहनु पर्दछ। Authorised stock level, Emergency order point औषधी प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन। आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ। साथै मौज्दातमा अधिक औषधी रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्वाभना रहेकोले औषधीको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुर्याउनेतर्फ ध्यान दिनुपर्दछ। साथै तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

८४ **सामाग्री खरिद तथा वितरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक निकायबाट उपलब्ध गराईएको वस्तुगत

सहायता अनुदानको सही सदुपयोग तथा प्रभावकारीता भए नभएको एकीन गर्न सहायता अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन तथा मुल्यांङ्कन गर्नुपर्दछ । पालिकाले संघीय विशेष कार्यक्रम बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फ रु.८६ लाख २१ हजार विभिन्न आमा समुह र सामुदायिक तथा संस्थागत विद्यालयलाई अनुदान तथा बस्तुगत सहायता खर्च लेखेको देखिन्छ । तर पालिकाबाट बितरण भएको अनुदान तथा सहायताको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान तथा सहायता सम्बन्धमा स्थानीय अनुदान तथा सहायता नीति तय नगरेकोले यस प्रकारको अनुदान तथा सहायताको विवरण वेभसाईट मार्फत सार्वजनिकीकरण गर्नु पर्दछ । अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

गो.भौ.नंर मिति	कार्यविवरण	सप्लार्यस	परिमाण	रकम
३३। २०८१। ७।११	पोषण मैत्री कार्यक्रम अन्तर्गत स्पेशल खिर मिक्स खिचडी र हलुवा खरिद	नेपाल स्वस्थ फुड इण्डष्ट्रिज प्रा.लि.	३८०० केजी	१५०१०१०
४३। २०८१। ८।७	पोषण मैत्रि स्थानीय तह घोषणाका लागि बहुक्षेत्रीय पोषण सेवा कार्यक्रम अन्तर्गत बेन्डिङ्ग सहितको चेतनामुलक फ्लेक्स खरिद	युग ट्रेड एण्ड सप्लायर्स	विविध	९८६८५७
४४। २०८१। ८।१२	पोषण विशेष कार्यक्रमको किटनासक झुल खरिद	श्वेता ईन्टरप्राइजेज	१२८५ थान	९०७५३१
७४। २०८१। ९।८	डस्विन ४० लि स्विमिंग कभर भएको चारपाटे खरिद	मिना ट्रेडर्स एण्ड सप्लायर्स	९४२ थान	९५०५६२
७५। २०८१। ९।८	वाटर फिल्टर खरिद तथा वितरण	बुद्ध इन्टरप्राईजेज	३७१ थान	९२८५९४
१२१। ०८१। ११।१२	पोषण कार्यक्रम अन्तर्तगत ३६ वटा विधालयमा पोषण कर्नर निर्माण	काया एडभरटाइजिङ्ग एण्ड डिजाइनिङ्ग	३६ थान	८९०८९२
१२५। ०८१। ११।१८	पोषण मैत्री कार्यक्रम अन्तर्गत स्पेशल खिर मिक्स खिचडी र हलुवा खरिद	नेपाल स्वस्थ फुड इण्डष्ट्रिज प्रा.लि.	२५२४ केजी	९९६९८७
१६३। ०८१। १२।२८	पोषण मैत्रि कार्यक्रमको लागि समाग्री खरिद	ॐ युनाइटेड ट्रेड कन्सर्न	विविध	९१७५२०
२१९। २०८२। २।१३	पोषण कार्यक्रम अन्तर्गतको कोक्रो खरिद	हाजी इन्जिनियरीङ्ग एण्ड गृल वर्कशप	७ सेट	२४७५८३
२६९। २०८२। ३।४	पोषणमैत्रि कार्यक्रमको लागि फोलिक एसिड चक्की खरिद	लक्ष्मी श्री फार्मेसी	१९७५०० ट्यावलेट	२९४२७५
		जम्मा		**८६२१८११**

उदाहरण को रुपमा पोषिलो झोला वितरणः झोला खरिदको लागि रु. २५ लाख बजेट विनियोजन भएको मा खर्च गो.भौ.नं. १२५।२०८१।११।१८ मा २५२४ केजी र गो.भौ.नं. ३३।२०८१।७।११ मा ३८०० केजी बाट जम्मा रु.२४,९७,९९७।६४ (१२६४ झोला) सोझै खरिद गरि नेपाल स्वास्थ्य फुड इण्डष्ट्रिज प्रालीलाई भुक्तानी गरेको छ । संलग्न फाँटवारी परीक्षण गर्दा स्वास्थ्य संस्थालाई हस्तान्तरण गरिएको भन्दा बढी परिमाणमा हस्तान्तरण भएको प्रमाण पेश भएकोले यस सम्बन्धमा गाउँपालिकाले यकिन गर्नुपर्दछ ।

स्वास्थ्य संस्था	हस्तान्तरण (झोला)	संस्थाबाट वितरण (झोला)	बाँकी	कैफियत
वडा न१	२२०	२१७	३	
वडा न२	१७६	१४७	२९	
वडा न३	१७६	१७५	१	
वडा न४	१५६	१५५	१	
वडा न५	२२०	२१५	५	
वडा न६	१५६	१६६	-१०	हस्तान्तरण भन्दा वढी वितरण
वडा न७	१५६	१५५	१	
जम्मा	**१२६०**	**१२३०**	**३०**	

८५ **कार्यपत्र वेगर भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायको विवरण अनुसार गरेका खर्चलाई पुष्ट्याई गर्ने प्रमाण, कागजात संलग्न नगरी खर्च लेखेको देखियो । यसरी खर्च लेख्दा कार्यक्रम, उद्देश्य, प्रयोजन, तालिममा प्रशिक्षण गरिएको विषयको कार्यपत्र तथा कार्यक्रम सञ्चालन भएको विस्तृत प्रतिवेदन समेतका आवश्यक प्रमाण कागजात संलग्न गरेर मात्र खर्च भुक्तानी गर्नुपर्दछ । यसप्रकार तालिमको कार्यपत्र वेगर भुक्तानी दिएको सम्बन्धमा कागजात माग गर्दा २०८२ भाद्र २३ र २४ को आगलागीमा जलेको पालिकाको भनाई रहेको छ । यस सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

भौ नं	खर्च विवरण	भुक्तानी पाउने	भुक्तानी रकम	कैफियत
२८९। २०८२। ३।१३	पोषणमैत्री कार्यक्रम अन्तर्गत आत्महत्या न्यूनिकरण कार्यक्रम	राज कुमार दास	५०४००	३६ विद्यालयमा तालिम संचालनमा कार्यपत्र वेगर प्रशिक्षक भत्ता भुक्तानी
२८०। २०८२। ३।११	पोषणमैत्री कार्यक्रम अन्तर्गत फोलिक एसिड चक्कीको प्रभावकारीता तथा शुभकामना कार्ड बारे सचेतनामुलक कार्यक्रम संचालन बापत	राजकुमार दास	५७४००	७ वडामा आमा समुहमा तालिम संचालनमा कार्यपत्र वेगर प्रशिक्षक भत्ता भुक्तानी
२७९। २०८२। ३।११	पोषणमैत्रि कार्यक्रम अन्तर्गत सासु बुहारी तथा श्रीमान श्रीमती अन्तर्गत कार्यक्रम संचालन बापत	राजकुमार दास	५७४००	७ वडामा आमा समुहमा तालिम संचालनमा कार्यपत्र वेगर प्रशिक्षक भत्ता भुक्तानी
२७२। २०८२। ३।९	पोषणमैत्री कार्यक्रम अन्तर्गत आमा समुहमा पोषिलो जाउलो प्रदर्शनकी र सो सम्बन्धि अभिमुखिकरण	राजकुमार दास	४१०००	७ वडामा आमा समुहमा (२।१ देखी २।३० सम्म) तालिम संचालनमा कार्यपत्र वेगर प्रशिक्षक भत्ता भुक्तानी
२६८। २०८२। ३।४	पोषणमैत्रि कार्यक्रम अन्तर्गत गर्भवती आमा समुहमा स्वास्थ्य घरायसी खाध्यान उत्पादन तथा पुर्ण सरसफाइ सम्बन्धि अभिमुखिकरण	राजकुमार दास	५७४००	७ वडामा आमा समुहमा (२।४ देखी २।३० सम्म) तालिम संचालनमा कार्यपत्र वेगर प्रशिक्षक भत्ता भुक्तानी
२६२। २०८२। ३।३	विद्यालयका किशोर किशोरीलाई आईरन फोलिक एसिड चक्की वितरण तथा जकंफुड न्यूनिकरण सम्बन्धी अभिमुखिकरण	राजकुमार दास	३३६००	सामुदायिक विद्यालयमा (०८२।१।१९ देखी २।२० सम्म) कार्यक्रम संचालनमा कार्यपत्र वेगर प्रशिक्षक भत्ता भुक्तानी
२३८। २०८२। २।२८	पोषणमैत्री कार्यक्रम अन्तर्गत सामुदायिक तथा संस्थागत विधालयहरुमा प्राथमिक उपचार बक्स हस्तान्तरण र सो सम्बन्धी अभिमुखिकरण	राजकुमार दास	६३०००	सामुदायिक तथा संसाथगत विद्यालयमा (०८२।१।९ देखी २।२१ सम्म) कार्यक्रम संचालनमा कार्यपत्र वेगर प्रशिक्षक भत्ता भुक्तानी
१०७। २०८२। २।२	पोषणमैत्री कार्यक्रम अन्तर्गत गर्भवती आमा समुह अन्तर्कृया कार्यक्रम तथा अनुगमन	राजकुमार दास	५७४००	७ वडामा आमा समुहमा (२०८१।१२।१४ देखी १२। ३० सम्म) तालिम संचालनमा कार्यपत्र वेगर प्रशिक्षक भत्ता भुक्तानी
१७०। २०८२। १।८	पोषण मैत्रि कार्यक्रमको गाउपालिका अन्तर्गत सामुदायिक विधालयहरुमा विधार्थिहरुलाइ आइरन फोलिक एसिड चक्की वितरण तथा जंकफुड न्यूनिकरण अभियान	राजकुमार दास	५०४००	सामुदायिक विद्यालय (०८१। १०।२ देखी १२।११ सम्म) कार्यक्रम संचालनमा कार्यपत्र वेगर प्रशिक्षक भत्ता भुक्तानी
१०२। २०८१। १०।३०	पोषणमैत्री स्थानीय तह घोषणाका लागी बहुक्षेत्रीय पोषण सेवा विस्तार कार्यक्रम सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुलाई अभिमुखिकरण	राजकुमार दास	२८०००	सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुलाई (०८१।१०।३ देखी १०।१० सम्म) कार्यक्रम संचालनमा कार्यपत्र वेगर प्रशिक्षक भत्ता भुक्तानी

२३९। २०८२। २।२८	पोषणमैत्री कार्यक्रम अन्तर्गत विधालयहरुको शौचालय सरसफाइको लागि सामग्री हस्तान्तरण तथा सरसफाइ र सो सम्बन्धी अभिमुखिकरण कार्यक्रम	राजकुमार दास	५०४००	सामुदायिक विद्यालय हरुमा (०८२।१।२० देखी २।२४ सम्म) कार्यक्रम संचालनमा कार्यपत्र वेगर प्रशिक्षक भत्ता भुक्तानी
३५६। २०८२। ३।२३	गर्भवती महिला तथा किशोरीको लागि एकिकृत पोषण तथा स्वास्थ्य सम्बन्धि अभिमुखिकरण कार्यक्रम	राजकुमार दास	५७४००	७ वडाहरु मा (०८२।२।२६ देखी ३।२० सम्म) कार्यक्रम संचालनमा कार्यपत्र वेगर प्रशिक्षक भत्ता भुक्तानी
		जम्मा	**६०३८००**	

८६ **सुरक्षा गार्डः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले अन्य भाडा शीर्षकमा रु.३०४००० भुक्तानी गरेकोमा सवारी साधन कुन ठाउँबाट कुन ठाउसम्म सवारी चलाएको कति किलोमिटर सवारी साधन चलेको सो खुल्ने सवारी लगबुक नभएको, के कुन समाग्री ढुवानी भएको सो सम्बन्धी स्पष्ट विवरण संलग्न गरेको देखिएन । नियमानुसार सम्झौता गरी सम्झौता बमोजिम कार्य गरेको आधारमा सवारी साधनको अभिलेख राखी सवारी साधनको भाडा भुक्तानी गर्ने तर्फ पालिकको ध्यान जानु पर्दछ ।

गो. भौ . नं ./ मिति	भुक्तानी लिनेको नाम	भुक्तानी रकम रु.
२७६।०८१।७।१३	श्री राज कुमार दास	२५०००
११०३।०८२।२।२२	श्री राज कुमार दास	२१०००
८५९।०८१।१२।१८	श्री राज कुमार दास	२१०००
८५६।०८१।१२।१८	श्री राज कुमार दास	२४५००
८१६।०८१।१२।६	श्री राज कुमार दास	४००००
१४१२।०८२।३।२४	श्री कमल किशोर सिंह	५१०००
१११९।०८२।२।२८	श्री वशन्त खड्का	१६५००
१०७६।०८२।२।१४	श्री आशिष मण्डल	२५०००
९१२।०८२।१।४	श्री लिला कान्त साहु	८००००
जम्मा		३०४०००

८७ **महशुलमा हर्जना भुक्तानीः**

प्रदेश सरकारबाट जारी भएको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को बुदा नम्बर २९(३) मा पानी, बिजुली, सञ्चार, महशुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्ययिता र किफायती अपनाउनु पर्ने व्यवस्था छ। पालिकाले नेपाल बिद्युत प्राधिकरण तथा खानेपानी कार्यालयलाई देहायका गोश्वरा भौचरबाट बिद्युत तथा खानेपानी महशुल भुक्तानी गर्दा थप हर्जना समेत भुक्तानी गर्ने गरेको र समयै बिल भुक्तानी नगर्दा थप दायित्व श्रृजना हुने देखिएकोले समयमै बिल भुक्तानी गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

गो. भौ . नं ./ मिति	बिल रकम	थप जरिवाना	वापत
१९।२०८१।६।१	७८९३०	१४९००	विद्युत
	१७२६६	२९२७	विद्युत
१८३।२०८१।६।२०	५१७२१	३७२५	विद्युत
१८३।२०८१।६।२०	३६५२०	४६५१	विद्युत
५९८।२०८१।१०।१४	१४५७०४	९२९६	विद्युत
१२११।२०८२।३।११	३९१७७	९७९४	विद्युत
१०९२।२०८२।२।१९	५२८०६	१३२०१	विद्युत
९३८।२०८२।१।९	१७८६७	४४६७	विद्युत
९०३।२०८२।१।३	३३१४०	२०२०	विद्युत
९०३।२०८२।१।३	९७४१९	४२७६	विद्युत
७५८।२०८१।११।२५	४२०३५	९१०१	विद्युत

८८ **वितरण भरपाईः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका गो.भौ.नं./ मितिबाट देहायका व्यक्ति/संस्थालाई विभिन्न कार्यक्रममा विभिन्न वितरण योग्य सामाग्रीको रु.१८७१४० भुक्तानी गरेकोमा कार्यक्रममा खरिद गरेको सामाग्री वितरण भएको देखिएन । लक्षित वर्गलाई उक्त सामाग्री वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

गो. भौ . नं ./ मिति	कार्यक्रमको नाम	खरिद गरेको सामाग्री	भुक्तानी रकम रु.
१४१३।०८२।३।२४	शैक्षक सामाग्री वितरण कार्यक्रम	कक्षा ११- १२ को २८ सेट पुस्तक	९८२८०
१२१९।२०८२।३।१२	विद्यालयमा सि. सि . टि . भि . जडान	७ थान सि. सि . टि . भि . लगायत सामाग्री	८८८६०
जम्मा			१८७१४०

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **९९,६०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१,८७,१४०

८९ **फर्निचर खरिदः**

(१०२०,१३७-2082-01-30):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **७,०५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९० **पारिश्रमिक करः**

आय कर ऐन, २०५८ को दफा ८८ मा सेवा कार्यमा भुक्तानी गर्दा श्रोतमा १५ प्रतिशत अग्रिम कर कट्टी गरी भुक्तानी गर्नुपेने व्यवस्था छ । निम्नानुसरका गो.भौ.नं./मितिबाट देहायका व्यक्तिलाई सेवा कार्यको लागि देहायका रु. २२०००.०० भुक्तानी गर्दा नियमानुसार कट्टी गर्नुपर्ने कर रकम रु. ३०८०.०० कट्टा नगरी भुक्तानी दिएको देखियो । नियमानुसार लाग्ने कर रकम रु. ३०८०० सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.,

गो. भौ . नं ./ मिति	कार्यक्रम	भुक्तानी लिने व्यक्ति	भुक्तनी रकम रु.	कर कट्टी रकम रु.	छुट कर रकम रु.
१२३।०८१।६।१४	भिजिटिङ डाक्टर सेवा	डा. रन्जिव कुमार साह	९००००	९००	१२६००
२४०।०८१।७।०६	भिजिटिङ डाक्टर सेवा	डा. रन्जिव कुमार साह	५००००	५००	७०००
३१७।०८१।७।०६	भिजिटिङ डाक्टर सेवा	डा. रन्जिव कुमार साह	४००००	४००	५६००
४३८।०८१।९।०७	भिजिटिङ डाक्टर सेवा	डा. रन्जिव कुमार साह	४००००	४००	५६००
जम्मा			२२०००	२२००	३०८००

असुल गर्नुपर्ने	३०,८००

९१ **विपन्न नागरीक स्वास्थ्य बीमा कार्यक्रमः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, राणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना वनाई लागू गर्नुपर्ने उल्लेख छ । दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ७ वटै वडामा प्रत्येक वडाका नागरीकहरुको रु. ३५००.०० को दरले खर्च गरी कुल रु. ६७२५००.०० भुक्तानी गरेको देखियो । विपन्न नागरीकको परिचयपत्र नभएको अवस्थामा स्वास्थ्य बीमा रकम प्राप्त गर्ने नागरीक सम्पन्न वा विपन्न हुन भन्ने यकिन गर्न सकिएन । पालिकाले वास्तविक आवश्यक्ता पहिचान गरी आर्थिक रुपले कमजोर नागरीकलाई मात्र त्यस्तो प्रकारको सहायता वितरण गरी त्यस्तो खर्चको सार्वजनिकीकरण गर्नुपर्दछ । वितरणमुखी खर्च नियन्त्रण गर्दै उत्पादनमुलक कार्यमा लगानी बढाउन पालिकाले ध्यान दिनु पर्दछ ।

९२ **विल भरपाई वेगरको खर्चः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिमेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि तयस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । देहायको भौ.नं.बाट संलग्न फाटवारीमा विल भरपाई वेगर रु. १०,८३,८५३.०० खर्च लेखेको देखियो।सो खर्च पुष्टि गर्ने विल भरपाई नभएकोले खर्च पुष्टि गर्ने प्रमाण कागजात पेश हुनुपर्दछ, अन्यथा असुल गरी संचित कोष दाखिला हुनुपर्दछ, रू.

भौ. नं./मिति	भुक्तानी लिनेको नाम	रकम रु.
१४४०।०८२।३।२५	रोजिना विष्ट	५४७१२०.
१४३९।०८२।३।२५	रोजिना विष्ट	१५२७३३.
१०४९।०८२।२।६	सिकाई केन्द्र अनुदान	३८४०००.
	जम्मा	१०८३८५३.

प्रमाण पेश नगरेको	१०,८३,८५३

९३ **फरक शीषर्कमा गरेको खर्चः**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा १९मा स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वियन गर्नुपर्ने उल्लेख छ त्यस्तै दफा २० मा कुनै बजेट शीर्षकममा बजेट अपुग भएमा विनियोजन ऐनको सिमा भित्र रही रकमान्तर गरी खर्च गर्न सक्ने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा नगरपालिकाले देहायबमोजिमको शीर्षकमा विनियोजन

गरेको बजेटको रकमान्तर स्वीकृत नगरी अन्य शीर्षकमा रु. ५५१३०३.०० खर्च गरेको देखियो । नियमानुसार बजेट रकमान्तर स्वीकृत नगराई अन्य शीर्षकबाट खर्च गर्ने कार्य नियन्त्रण गर्नेतर्फ पालिकको ध्यान जानुपर्दछ ।

गो. भौ . नं. / मिति	खर्च शिर्षक	खर्च गरेको शिर्षक	खर्च रकम रु.
२१।०८१।६।२	पानी तथा बिजुली	विविध खर्च	७५४७०.
१९४।०८१।६।२१	सञ्चार महशुल	कार्यालय सामाग्री	९००००.
१९४।०८१।६।२१	शिक्षण सिकाई अनुदान	सवारी साधन मर्मत	९७२९३.
१०५५।०८२।२।७	पानी तथा बिजुली	विविध खर्च	४५१२०.
३३०।०८१।८।६	पानी तथा बिजुली	विविध खर्च	५९४००.
५५१।०८१।९।४	पानी तथा बिजुली	विविध खर्च	४२००.
६११।०८१।१०।२१	पानी तथा बिजुली	विविध खर्च	४३८५०.
८६३।०८१।१२।२०	पानी तथा बिजुली	विविध खर्च	४५५२०.
९६२।०८२।१।१५	पानी तथा बिजुली	विविध खर्च	४५३३०.
१०५५।०८२।२।७	पानी तथा बिजुली	विविध खर्च	४५१२०.
जम्मा			५५१३०३.

९४ **सूचना प्रकाशनः**

पालिकाले विभिन्न सञ्चार माध्याममा सूचना प्रकासन गर्दा आर्थिक वर्षको सुरुवातमा नै सार्वजनिक खरिद कानून बमोजिम प्रतिस्पर्धा गराउने व्यवस्था गर्नुपर्दछ । पालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्य गर्न रेन्वो मिडिया फर्म छनौट गरेर सूचना प्रकाशन गरी कर कट्टी बाहेक रु. ४११९४५ भुक्तानी गरे पनि त्यसका अतिरिक्त विभिन्न फर्म मार्फत उक्त फर्मसँगको सम्झौता रकम भन्दा बढी दरमा यो वर्ष रु. ५२५४३८.०० भुक्तानी गरेकोमा मिडिया फर्महरु बीच कुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन । सूचना प्रकाशन गर्दा फर्म तथा मिडियाहरुबीच प्रतिस्पर्धा गराई न्यून कवोल गर्ने र बढी प्रतिशत छुट दिने मिडिया फर्मसँग सेवा लिनु पर्नेमा सम्झौता गरेको मिडिया फर्म बाहेकको मिडिया फर्मसँग सूचना प्रकासन गर्ने कार्य नियम सम्मत नदेखिएको रु.,

अनियमित भएको	५,२५,४३८

९५ **सुरक्षा गार्डः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले सुरक्षा गरेको भनि सेवा परामर्श खर्च शीर्षकबाट श्री भवानी प्रसाद अधिकारीलाई रु. ४०३५०.०० भुक्तानी दिएकोमा उक्त कार्य गर्ने गरी कुनै सम्झौता गरेको देखिएन । नियमानुसार काम गर्नुपर्ने विवरण तयार गरी सो कार्य गर्न लाग्ने दर निर्धारण गरी काममा लगाई रकम भुक्तानी गर्नुपर्नेमा सो रीत नपुर्याई भुक्तानी गर्ने कार्य नियम सम्मत नदेखिएको रु.,

अनियमित भएको	४०,३५०

९६ **शिक्षक विद्यार्थी अनुपात-**

शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ।सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द

गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ।निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ३० सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार न्यून शिक्षक विद्यार्थी अनुपात भएका विद्यालयहरुको विवरण निम्नानुसार छन।

क्र.स.	विद्यालयको नाम, ठेगाना	वडा	स्थायी कार्यरत दरबन्दी	करार	राहत	गापा अनुदान	शिक्षण सहयोग अनुदान(संघिय	जम्मा दरबन्दी	विद्यार्थी सङ्ख्या	शिक्षक विद्यार्थी अनुपात
१	बुद्धेश्वरी मा वि जहदा-१	१	४	०	३	१	३	११	२१७	२०
२	दुर्गा मा वि जहदा-१ भुटाहा	१	३	०	५	१	३	१२	३९६	३३
३	जनता बाल आ वि जहदा-१	१	४	१	२	१	१	९	३२८	३६
४	लक्ष्मी आ वि जहदा १	१	२		१	०	०	३	९९	३३
५	गणेश आ वि जहदा -१	१	१	१	१	०	०	३	९५	३२
६	जनता मा वि जहदा-२	२	४		४	१	३	१२	२७६	२३
७	काली आ वि जहदा-२	२	३		२	०	१	६	२०१	३४
८	मा वि बैरिया जहदा-२	२	३		४	०	३	१०	४३६	४४
९	आ वि हरिनगरा जहदा-२	२	२		२	०	०	४	९०	२३
१०	सन्थाल आ वि जहदा-२	२	१		२	०	०	३	१३३	४४
११	जन आ वि जहदा -२	२	१		२	०	०	३	६७	२२
१२	बाल लक्ष्मी आ वि जहदा-३	३	१		२	०	०	३	६९	२३
१३	आदर्श आ वि जहदा -३	३	३		१	०	०	४	१५०	३८
१४	लक्ष्मी मा वि जहदा-३	३	७		१	१	१	१०	३६५	३७

१५	माँ भवानी आ वि जहदा-३	३	२		३	०	०	५	१८१	३६
१६	रामजानकी आ वि जहदा-३	३	१	२	३	०	०	६	१८६	३१
१७	लक्ष्मी आ वि जहदा-४	४	६		१	०	०	७	२४७	३५
१८	सार्वजनिक मा वि जहदा-४	४	५		४	१	३	१३	४४४	३४
१९	सरस्वती आ वि जहदा-४	४	३		३	०	०	६	२०४	३४
२०	दुर्गा मा वि जहदा-५	५	१५		३	१	०	१९	६७२	३५
२१	जानकी आ वि जहदा-५	५	२		३	०	०	५	९९	२०
२२	हनुमान आ वि जहदा-५	५	१		२	०	०	३	१४८	४९
२३	रामजानकी आ वि जहदा-५	५	२		२	०	०	४	१००	२५
२४	भानुभक्त आ वि जहदा-५	५	१	१	१	०	०	३	१३८	४६
२५	भवानी आ वि जहदा-६	६	२		१	०	०	३	३४	११
२६	जनता मा वि जहदा-६	६	८		३	१	२	१४	६०८	४३
२७	ईश्लामिया मदरसा जहदा-६	६			१	०	०	१	१२५	१२५
२९	महेन्द्र मा वि जहदा -७	७	६		२	१	३	१२	६२०	५२
३०	जनप्रिय आ वि जहदा-७	७	१	२	२	०	१	६	१९५	३३
	जम्मा		**९४**	**७**	**६६**	**९**	**०**	**२००**	**६९२३**	**३५**

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लिखित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात ११ देखि ५२ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्ने गरेको अवस्था देखियो। अतः न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवम शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

९७ **पाठ्यपुस्तक-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **४९,५४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **९३,६९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **८,६६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **३२,११७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२** को निर्णयले रू **८,००१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९८ **प्रति विद्यार्थी लागत-**

विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत रहेका ३० सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा प्रति विद्यार्थी लागतको विवरण निम्नानुसार छन।

क्र स	विद्यालयको नाम	विद्यालयलाई भएको कूल निकासा रकम	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
१	बुद्धेश्वरी मा वि जहदा-१	६,६०७,१२९.४०	२१७	३०४४७.६०
२	दुर्गा मा वि जहदा-१	८,५४३,२७८.५०	३९६	२१५७३.९४
३	जनता बाल आ वि जहदा-१	५,९८०,२६८.२७	३२८	१८२३२.५३
४	लक्ष्मी आ वि जहदा-१	२,४९२,८०६.२०	९९	२५१७९.८६
५	गणेश आ वि जहदा-१	२,८०५,४८१.८०	९५	२९५३१.३९
६	जनता मा वि जहदा-२	७,६७३,७४२.०४	२७६	२७८०३.४१
७	काली आ वि जहदा-२	३,८९४,७७७.४८	२०१	१९३७७.००
८	मा वि वैरीया जहदा-२	७,३०८,८३९.११	४३६	१६७६३.३९
९	आ वि हरिनगरा जहदा-२	२,८४८,५४२.७०	९०	३१६५०.४७
१०	सन्थाल आ वि जहदा-२	२,८४४,११२.६५	१३३	२१३८४.३१
११	जन आ वि जहदा-२	२,४९९,४११.५०	६७	३७३०४.६५
१२	बाल लक्ष्मी आ वि जहदा-३	२,८०२,६९३.५०	६९	४०६१८.७५
१३	आर्दश आ वि जहदा-३	३,११४,२२१.५०	१५०	२०७६१.४८
१४	लक्ष्मी मा वि जहदा-३	७,०६२,७६३.०३	३६५	१९३५०.०४
१५	माँ भवानी आ वि जहदा-३	३,७४२,१२५.६५	१८१	२०६७४.७३
१६	रामजानकी आ वि जहदा-३	४,६१०,२६१.६०	१८६	२४७८६.३५
१७	लक्ष्मी आ वि जहदा-४	५,५८६,९४७.१०	२४७	२२६१९.२२
१८	सार्वजनिक मा वि जहदा-४	८,०९९,५११.३६	४४४	१८२४२.१४
१९	सरस्वती आ वि जहदा-४	४,५०६,०९१.६९	२०४	२२०८८.६८
२०	दुर्गा मा वि जहदा-५	१४,५९४,०३४.०८	५९३	२४६१०.५१

२१	जानकी आ वि जहदा-५	३,६७९,९५४.५०	९९	३७१७१.२६
२२	हनुमान आ वि जहदा -५	२,७७४,५४८.४०	१४८	१८७४६.९५
२३	रामजानकी आ वि जहदा-५	३,०२७,६५९.२४	१००	३०२७६.५९
२४	भानुभक्त आ वि जहदा-५	२,४३७,५७९.३५	१३८	१७६६३.६२
२५	भवानी आ वि जहदा-६	२,१०७,३७०.७९	३४	६१९८१.४९
२६	जनता मा वि जहदा-६	९,९७९,८९०.३८	६०८	१६४१४.२९
२७	बाबा दिनाभद्री आ वि जहदा-६	१,४४५,८५२.००	५६	२५८१८.७९
२८	महेन्द्र मा वि जहदा-७	७,५७३,३६०.६५	६२०	१२२१५.१०
२९	जनप्रिय आ वि जहदा-७	४,०६१,४६३.३१	१९५	२०८२८.०२
३०	लोहन्द्रा आ वि जहदा-७	१,३७३,७१५.००	६७	२०५०३.२१

उल्लिखित विवरण अनुसार सबै भन्दा धेरै प्रति विद्यार्थी लागत श्री भवानी आ वि जहदा-६ रू. ६१९८१.४९ र सबै भन्दा कम प्रति विद्यार्थी लागत महेन्द्र मा वि जहदा-७ विद्यालयको रू..१२२१५.१० देखियो। धेरै प्रति विद्यार्थी लागत भएको विद्यालयलाई अन्य विद्यालयहरुमा समायोजन गर्न आवश्यक अध्ययन गरी कार्यान्वियन गर्नुपर्दछ।

९९ **अनुदानको अनुगमन -**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारीत मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन।कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

क्र.स.	**विद्यालयलाई अनुदान**	**विद्यालय संख्या**	**रकम**
१	पाठ्यपुस्तक अनुदान	३६	४०८६३५७.७५
२	छात्रवृत्ति अनुदान	३६	१०९६६००
३	कार्य सम्पादनमा आधारित अनुदान	३	५०००००
४	दिवा खाजा अनुदान	३६	९९३५७८०

१०० **दिवा खाजा-**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-३०** को निर्णयले रू **१३,६०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०१ **स्वयमसेवक शिक्षक-**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले देहायको स्वयमसेवक शिक्षक नियुक्ति गरी देहायको विद्यालयमा शिक्षक राखी पारिश्रमिकमा खर्च लेखेको छ । शिक्षक छनौटको कार्यविधि एवम् शिक्षक विद्यार्थी अनुपात मिलान नगरि शिक्षक नियुक्ति गरि रु.१७५५००० पारिश्रमिक वापत खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

क्र.स.	विद्यालयको नाम	शिक्षकको नाम	निर्वाह खर्च	महिना	जम्मा	चाडपर्व खर्च	जम्मा
१	दुर्गा मा वि जहदा १	ओम प्रकाश शर्मा	१५०००	१२	१८००००	१५०००	१९५०००
२	जनता मा वि जहदा २	गोविन्द सोरेन	१५०००	१२	१८००००	१५०००	१९५०००
३	जनता मा वि जहदा ६	सुनिल कुमार मण्डल	१५०००	१२	१८००००	१५०००	१९५०००
४	जनताबाल आ वि जहदा-१	मुकेश कुमार राजवंशी	१५०००	१२	१८००००	१५०००	१९५०००
५	दुर्गा मा वि जहदा ५	शिवशंकर यादव	१५०००	१२	१८००००	१५०००	१९५०००
६	मदरसा इश्लामिया आ वि जहदा ३	सनिता मण्डल	१५०००	१२	१८००००	१५०००	१९५०००
७	लक्ष्मी मा वि जहदा ३	अन्जना कुमारी साह	१५०००	१२	१८००००	१५०००	१९५०००
	मा वि वैरिया जहदा-२	कविराज मण्डल	१५०००	१२	१८००००	१५०००	१९५०००
	बुद्धेश्वरी मा वि जहदा १	ममता कुमारी तत्मा	१५०००	१२	१८००००	१५०००	१९५०००
	जम्मा						१७५५०००

अनियमित भएको	१७,५५,०००

१०२ **विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण** (२९६-2082-03-16):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाबाट विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान वापत देहायअनुसार अनुदान भुक्तानी गरेको देखियो । सो अनुदान भुक्तानीको खर्च प्रमाण सहित अनुगमन गरेको प्रतिवेदन समेत पेश हुनुपर्ने रु.

क्र.स	**विद्यालयको नाम**	**विवरण**	**रकम**	**कैफियत**
२	श्री दुर्गा मावि	विद्यालय प्रोत्साहन अनुदान	२००००००	खर्च प्रमाण पेश नभएको
		जम्मा	२००००००	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२,००,०००

१०३ **संथाल सङ्ग्राहलय भवन निर्माण GRM/WORKS/NCB/०८०/८१-०१-**

संथाल सङ्ग्राहलय भवन निर्माण कार्यको लागि लागत अनुमान रु.२,५२,६९,५४५.४४ रहेको पाइनस कन्सट्रक्शन प्रा.लि. सँग म्याद थप सहित २०८२।०२।३१ मा रु.२,३०,४९,७३१.२९ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा भेरियसन सहित कार्यसम्पन्न पश्चात रु.२,४४,४०,४९३.२८ भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् –

भेरियसन आदेश - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ । उक्त निर्माण कार्यको RCC कार्य, टायल,डण्डी,पन्टिङ लागायतको कार्यको परिमाण डि.पि.आरमा छुट भएको उल्लेख गरी भेरियसन आदेश जारी गरेको देखियो । पालिकाले संथाल सङ्ग्राहलय भवन निर्माण कार्यको शुरु लागत अनुमानमा ८.३१ प्रतिशतले भेरियसन गरि संशोधित लागत अनुमान रु.२,७३,६९,९६७.३७ सुरु सम्झौता रकममा ६.०४ प्रतिशतले भेरियसन गरि संशोधित सम्झौता रकम रु.२,४४,४१,०२४.२० कायम गरेको र कार्यसम्पन्न पश्चात रु.२,४४,४०,४९३.२८ भुक्तानी गरि थप रु.१३,९०,७६१.९९ भुक्तानी गरेको देखियो । पूर्वानुमान गर्न सक्ने कार्यमा भेरिएसन आदेश जारी गरेको मनासिब देखिएन ।

१०४ **प्रशासकिय भवन –**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले प्रशासकिय भवन निर्माण कार्यमा स्विकृत डि.पी.आर. बमोजिम एकमुष्ठ बोलपत्र आव्हान नगरि गत विगतमा भुई तल्लासम्म निर्माण गरेको र यो वर्ष खरिद योजना नबनाई गत बर्षसमेतको देहाय अनुसारको निर्माण कार्य टुक्रा गरि गरेको देखियो ।प्रदेश समपुरकबाट बजेट प्राप्त भए पश्चात सोहि अनुसार खरिद कार्य गरेको जनाएको छ ।पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

ठेक्का नं.	निर्माण व्यवसायीको नाम	लागत अनुमान	सम्झौत रकम	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने	भुक्तानी रकम
ठेक्का नं.८०।८१-०६ (प्रशासनिक भवन पहिलो तल्ला)	निर्मल निर्माण सेवा-	१,८४,८३,३५१.०८	१०५८५२००.०५	२०८०-११-२२	२०८१-०४-२७ (सम्पन्न)	१०९०१४६०
ठेक्का नं.८१।८२-०३ प्रशासकिय भवन दोस्रो तल्ला (प्रदेश समपुरक)	निर्मल एण्ड आर एस जे/भी	.३,६८,१८,०३९.५४	२,५९,९३,२९८.८६	२०८१-१०-२९	२०८३-०४-२९	४६००००० (पेश्की)

१०५ **कर समायोजन -**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ मा असुल गरेको कर अर्को महिनाको २५ गतेभित्र दाखिला गर्नुपर्ने र नियमावली, २०५३ मा तोकिएको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । पालिकाले लक्ष्मीनिया चोक देखि पुर्व जहदा ६ पोखरिया जाने वाटो मर्मत कार्यको निर्माण ब्यवसायी गजलक्ष्मी कन्स्ट्रक्सनलाई मर्मत सम्भार कोष भौ.नं. १३-२०८२।३।२४ तथा न.पा. पुँजीगत २९६-२०२०८२।३।२४ वाट ५५९९१.१७ मु.अ.कर समेत रु. ४८८,१९२।- भुक्तानी गरेकोमा केरमेट बीजक पेश गरेकोले मु.अ.कर भुक्तानी रु. ५५९९१.१७ को कर समायोजन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५५,९९१

१०६ **सशर्तबाट अन्यत्र खर्च -**

अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा ९ बमोजिम स्थानीय तहमा निश्चित नियम र शर्तहरु पालना गरी कार्यान्वयन गर्न उपलब्ध गराइएको अनुदान रकम तोकिएको कार्यक्रमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले संघीय सशर्तबाट स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरबन्दी अनुसारको तलब, महंगी भत्ता र पोसाक भत्तामा खर्च गर्ने गरी प्राप्त भएको बजेट शीर्षकलाई देहायअनुसारको शीर्षकमा विभाजन गरी खर्च गरेको नियमसम्मत नदेखिएको नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं.। मिति	खर्चको विवरण हुनपर्ने	भएको	खर्च रकम
१५५। २०८१-१२-२६	केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता	स्वास्थ्य करार कर्मचारी तलब भत्ता	३४१५५
१५५। २०८१-१२-२६			३४१५५
१५५। २०८१-१२-२६			३४१५५
		जम्मा	१०२४६५

अनियमित भएको	१,०२,४५६

१०७ **मू.अ.कर कट्टी -**

मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकायले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवाको मुल्य वा रकम भुक्तानी गर्दा भुक्तानी गरिने मुअकर रकमको ३० प्रतिशत कट्टी गरी सम्बन्धित भुक्तानी प्राप्त गर्ने व्यक्तिको नामबाट

सम्बन्धित राजस्व शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार कार्यको लागि मु.अ.कर रकम भुक्तानी गर्दा नियममा भएको व्यवस्था अनुरुप ३० प्रतिशत कट्टी गरी दाखिला गरेको नदेखिएकोले सम्बन्धित आपुर्तिकर्ता निर्माण व्यवसायीबाट मु.अ.कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

गो.भौ.नं.।मिति	भुक्तानी प्राप्त गर्नेको नाम	रकम	बिजक नं.	मु.अ.कर	३० प्रतिशत कट्टा नगरेको रकम
६। २०८१-०७-१३	प्रिसाइज विल्डर्स प्रा.लि. (परामर्शदाता नियुक्ति गरेको)	१६२०००	०१। २०८१-०६-२१	२१०६०	नगरेको
		१६२०००	जम्मा	२१०६०	

प्रमाण पेश नगरेको	२१,०६०

१०८ **लोहोन्द्रा खोलामा झो.पु.-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी गर्नुपर्ने साथै नियम १२५ मा प्राविधिक कार्यसम्पादन मूल्यांकनका आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ। गो.भौ.नं.७२।२०८२-०३-२४ बाट इन्टरटेक प्रा.लि.लाई लोहोन्द्रा खोलामा झो.पु. निर्माण कार्यको लागि खरिद भएको रु.६,९८,७३५ को सामाग्री जडान भएको नदेखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६,९८,७३५

१०९ **कन्टिन्जेन्सी खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहायअनुसार कन्टिन्जेन्सी कट्टा गरेको रकम कन्टिन्जेन्सी खातामा ट्रान्सफर गरि भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं.।मिति	खर्चको बेहोरा	रकम
५६।२०८२-०३-०९	संघीय सशर्त पूँजिगत	१५,८९,१७२
१५ मिति : २०८२/०३/	प्रदेश सशर्त पूँजीगत	३,४५,०००
	जम्मा	१९,३४,१७२

अनियमित भएको	१९,३४,१७२

११० **प्रदेश समपुरक अनुदान घटी साझेदारी –**

कोशी प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि, २०७५ को दफा नं ७ मा दफा ३ वमोजिमको क्षेत्रमा आगामि आर्थिक वर्षको समपुरक अनुदान आवश्यक पर्ने भएमा स्थानीय तहले प्रत्येक आर्थिक वर्षको चैत्र मसान्त भित्र योजनाको आवश्यकता र औचित्यता ड्रइङ्ग डिजाईन स्पेशिफिकेशन सहितको विवरण कार्य सम्पन्न गर्न लाग्ने समय र लागत अनुमान लाभ लागत विश्लेषण वातावरणिय प्रभाव मुल्याङ्कन समेतका आधारमा प्रस्ताव पेश गरी दफा ८ र ८(क) वमोजिम योजना छनौट हुने साथै दफा ४(२)मा छनौट भएका आयोजनामा प्रदेशले वढिमा ६५ प्रतिशत लागत साझेदारी स्थानीय तहको उल्लेख हुने व्यवस्था छ। देहायको योजना प्रदेश तर्फ साझेदारी बढी गरेकोले स्रोत मिलानको प्रमाण पेश गर्नुपर्ने रु.

योजनाको नाम	निर्माण व्यवसायी	हालसम्मको कार्य	प्रदेशको साझेदारी हुनुपर्ने	भएको साझेदारी	बढी प्रदेशको
गाउँपालिकाको कार्यालयको प्रशासकीय भवनको माथिल्लो तला थप	निर्मल एण्ड आर एस जे/भी	पेश्की- ४६०००००	२९९००००	४६०००००	२९९००००
				जम्मा	२९९००००

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१,५८४,०९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२९,९०,०००

१११ **जुडिखोला पुल -**

ठेक्का नं.JRM/LBP/NCB/ १०-०७७/०७८ जुडिखोलामा(हात्तीवन्दा र वार्ड नं. ३ अफिस जोड्ने पुल) पक्की पुल निर्माणकार्यको लागी पुष्पाञ्जलि/जोया एण्ड ब्रदर्स जे.भि.संग २०७८।३।२९ मा रु २,६७,८७,३०७।९७ सम्झौता मितिले १८ महिनाभित्र २०७९। १०।२८) सम्पन्न गर्ने गरी सम्झौता भएकोमा पटक पटक गरी अन्तिम पटक मिति २०८२।३।४ को कार्यपालिका निर्णयले २०८२।८। २१ सम्म म्याद थप गरेको छ।उक्त निर्माण कार्यमा यस वर्ष पाँचौ रनिङ बिल वापत रु. ५५,७३,८४३।- सहित रु. २५०,४५,३३०।-. भुक्तानी गरेको छ। शुरु सम्झौता अवधिको १८८ प्रतिशतले म्याद थप हुँदा समेत कार्यसम्पन्न भएको पाईएन। सम्झौताको शर्त वमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्नुगराउनु पर्दछ।

११२ **ठेक्का नं. GRM/BUILDING/NCB/०७८/०७९-१४ १५ शैया अस्पताल निर्माण-**

१५ शैया अस्पताल निर्माण कार्य गर्नको लागि लागत अनुमान रु.२११८०८४०६.८७ रहेको न्यूनतम रु.१६,६०,४१,१४७.६९ कबोल गर्ने खुश्बु निर्माण सेवासँग म्याद थप सहित २०८२-०९-१६ सम्म कार्यसम्पन्न गर्ने गरि मिति २०७९-०३-१६ मा सम्झौता गरेकोमा हालसम्म सातौँ रनिङ्ग बिलको रु.१३,७४,२१,७४०.७९ मूल्यांकन भएकोमा हाल सम्म के कति भुक्तानी भएको विवरण अद्यावद्यिक गरेको छैन । हाल उक्त निर्माण कार्यको भौतिक प्रगति करिब ८६ प्रतिशत रहेको छ । यस सम्बन्धमा देखिएको बेहोरा निम्नानुसार छन् -

११२.१ **डि.पी.आर.कार्यान्वयन -** डि.पि.आर अनुसार मर्चरी हाउस अस्पतालको दक्षिण दिशामा हुने कुरा उल्लेख भएकोमा जुन स्थानमा मर्चरी हाउस बनाउने डि.पि.आर बनेको थियो सो स्थानमा पहिलेनै ५ शैयाको अस्पताल निर्माण भई सकेकोले मर्चरी हाउस स्थनान्तरण भई हाल अस्पतालको पुर्व भागमा ब्लग ए को पछाडी बनाएको छ । तसर्थ डि.पि.आर तयार गर्दा Existing Structure भए नभएको एकिन गरी मात्र डि.पि.आर तयार गर्नुपर्दछ ।

निर्माण कार्य गर्दा डि.पि.आरमा भएको भन्दा १.१५ मिटर माथी Plinth Level उठाउनुपर्ने भएकोले बस्तुगत स्थिति परिक्षण गरी मात्र डि.पि.आर तयार गर्नुपर्दछ ।

योननाको कार्यान्वयन गर्दा डि.पि.आरमा भएको केही काम घटाएर ठेक्का लगाएको पाइयो। तेस्रो तल्लामा भएको भर्याङ्ग हटाएर स्ल्याव ढलान गरेको छ । छानाको भाग हटाएको छ। ब्लग ए को दोस्रो तला हटाएर त्यसमा पिल्लर मात्र उठाउर राखेको छ । १५ वटा कोलम उठाएर राखेको देखिन्छ । जसको कुल लागत रु.२८६६५० भएको छ । यसरी अनावश्यक रुपमा कोलम कास्ट गर्नुले थप रु.२८६६५० बढी व्ययभार पर्न भएको छ ।अधुरो निर्माण कार्य सम्पन्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

कार्यालयले डिपिआर अनुसार कुन काम कति र कुन समयमा गर्ने उल्लेख गरेतापनि सो अनुसार नगरी आवश्यकताको आधारमा भवन निर्माण आदी काम गरेको छ । कार्यालयले आवश्यकताको आधारमा डिपिआर तयार गरी सोको आधारमा ड्रइङ्ग डिजाइन तयार गरी निर्माण कार्य गर्नु पर्नेमा सो गरेको पाइएन। साथै डिपिआर अनुसार कार्य सम्पन्न गर्ने तर्फ ध्यान पुर्याउनुपर्दछ ।

११२.२ **बिल भरपाई -**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२४,९९९,९९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२२,८७३,७३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

११२.३ **भेरिएशन आदेश बेगरको खर्च** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्नसक्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएशन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ । देहायको आईटमको सम्झौतामा भन्दा २५ प्रतिशत बढीको क्वाइन्टिटिमा रेट नेगोसेशन तथा भेरिएशन आदेश जारी नगरि खर्च गरकोले भेरिएसन आदेशको प्रमाण पेश गर्नुपर्ने रु.

Description of Works	As per Contract				Cumulative Quantity			
	Unit	Quantity	Unit Rate (NPR)	Total Amount(NPR)	Quantity	Amount (NPR)		
२	३	४	५	६	११	१२=११x५	Exceed Quntity	Amount
Back filling with excavated dumped soil	Cu.m.	१,७२०.८४	५०	८६,०४२	३,१८५.६४	१५९,२८२.१२	८५.१२	७३२४०
brickwork in 1:6 cement/sand mortar	Cu.m.	३९९.६७	११,५००	४,५९६,२०५	५१७.२२	५,९४८,०२५.०९	२९.४१	१३५१८२०
brickwork in 1:4 cement/sand mortar	Cu.m	३५.५८	१२,०००	४२६,९६०	८७.०६	१,०४४,७४६.५८	१४४.६९	६१७७८६
brickwork in 1:4 cement/sand mortar	Cu.m	५४.७९	१२,०००	६५७,४८०	१०५.५८	१,२६६,९३०.६८	९२.६९	६०९४५०
12.5mm thick cement sand C/M (1:4) plaste	Sq.m.	३,५६५.१२	४००	१,४२६,०४८	५,१५१.२२	२,०६०,४८९.३४	४४.४८	६३४४४१
20mm thick cement sand C/M (1:3) plaste	Sq.m.	९२.५०	४००	३७,०००	१३०.४९	५२,१९६.००	४१.०७	१५१९६
12x12 mm solid core square rod in M. S. grill	Kg.	५१५.८९	१५०	७७,३८३.५०	३,३७९.४५	५०६,९१७.११	५५५.०७	४२९५३३
							जम्मा	३७३१४६८

प्रमाण पेश नगरेको	३७,३१,४६८

११३ **सुरक्षित नागरिक आवास कार्यक्रमतर्फ-**

निकासा र खर्चः गरिवीको रेखामूनी रहेका र प्रकोपका कारण घरबार विहिन भएका विपन्न परिवारहरुले सुरक्षित र वातावरणमैत्री आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदकोलागी र पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरि सुरक्षित नागरिक आवास निर्माणकालागी यो कार्यक्रम लागु भएको छ । कार्यक्रम कार्यान्वयनकालागी शहरी विकास भवन निर्माण विभागद्धारा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७५ जारी गरेको छ । यस नगरपालिकाले यो वर्ष कार्यक्रम कार्यन्वयनकालागी रु. ७,४०,००० खर्च लेखेकोमा देहायको बेहोरा देखिएका छन् ।

क) सुविधाः कार्यविधिको दफा २१ मा नेपाल सरकारबाट भूकम्प पून निर्माण, प्रकोप व्यवस्थापन वा यस्तै अन्य कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यो अनुदान उपलब्ध गराईने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले उक्त विषय यकिन गरेको देखिएन ।

ख) किस्ता भुक्तानीः कार्यविधिको दफा ५ को उपदफा ४, ७ र ८ अनुसार सम्झौता भएपछि अनुदान दिइने रु. ५० हजारको पहिलो किस्ता ६० प्रतिशत रकम उपलब्ध गराईने र सो रकमबाट जस्तापाता, काठ लगायतको निर्माण सामाग्री खरिद गरी निर्माण कार्य अघि बटाउनु पर्ने र उक्त रकमबाट जस्तापाता र काठ लागायतको सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी प्राविधकबाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाई दोश्रो तथा अन्तिम किस्तावापत ४० प्रतिशत अनुदान रकम उपलब्ध गराउनु पर्ने व्यवस्था छ । यसवर्ष संघ सशर्त अनुदान अन्तर्गत रहेको सुरक्षित नागरिक आवास कार्यक्रमको लागि दोस्रो किस्ताको लागि ३७ घर परिवारलाई प्रति परिवारलाई दोस्रो किस्ताको प्रति परिवार रु.२०,००० को दरले रु. ७,४०,००० खर्च लेखेको छ ।

ग) कार्य प्रगतिः कार्यविधिको दफा ६ अनुसार कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान लिएमा वा जुन प्रयोजनका लागी अनुदान उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिमको गर्नु पर्ने प्रगति अनुदान उपलब्ध गराएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम असुल उपर गर्ने व्यवस्था छ । अत कार्यविधिको अनुशरण गरी अनुदानको उपयोगलाई प्रभावकारी बनाइनु पर्दछ ।

११४ **आन्तरिक आय -**

पालिकाले सुत्र अन्तर्गतको राजस्व व्यवस्थापन प्रणालीलाई प्रयोग गरी आन्तरिक आयको व्यवस्थापन गरेको छ । उक्त प्रणाली हेर्दा देहायबमोजिमको वडाहरुले सिर्जित गरेको रसिद , दाखिला फाराम तथा विनियोजन तर्फको म.ले.फा.न २७० को अनुसुची ४ राजस्व संकलन गर्ने कार्यालय अनुसारको विवरणविच फरक फरक व्यहोरा देखिएको हुँदा पालिकाले पेश गरेको असुली, दाखिला सम्बन्धमा यकिन गर्न सकिएन ।

पालिका तथा वडा नं	सिस्टमबाट सिर्जित रसिद संख्या १०१	सिस्टमा देखिएको रसिद अनुसारको असुल रकम user	सिस्टमा देखिएको दाखिला फाराम अनुसारको रकम १०३	विनियजन तर्फको म.ले.फा.नं २७० अनुसुची ४ अनुसारको रकम
पालिका	९४६	२४८१५६३.८४	१२७३०५४०.५१	६०,९२,९८४.२०
१	२४२६	१५५१९६४.०१	३१२२९२८.०२	१५,७०,९६४.०१
२	२२४७	१४५२३३१.०७	२९१८३५८.०८	१४,५३,२९६.५७
३	२२०६	१५०९३०९.०६	४५२१४७४.०८	१५,०८,२३९.०५
४	२३८०	१३३४६८५.४०	२६६९३७०.८०	१३,३४,६८५.४०
५	१५१०	११०७७०८.६८	२२३२०६६.८३	११,३०,३६६.७५
६	१०४०	८०३१३२.१४	१८८०९८६.६२	८,०२,१७७.३४
७	१८९९	१३१७८२७.१७	२६४४६५४.३४	१३,२६,८२७.१७
जम्मा		११५५८५२१.३७	३२७२०३७९.२८	१,५२,१९,५४०.४९

उल्लिखित विवरण अनुसार सेवाग्रीहरुले सिधै वैंक दाखिला गरेको हुँदा पालिकातर्फ सिर्जित रसिद अनुसारको असुल रकम तथा म.ले.प.फा नं २७० को अनुसुची ४ को विवरणविच भिन्नता रहेको भनाई पालिकाले राखेको छ । पालिकाको आम्दानी व्यवस्थित हुने गरी अभिलेख राख्नुपर्छ ।

११५ **धरौटी** –

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

११६ **पाँच शैया अस्पताल-**

ठेक्का नं. १-२०७९।८० पाँच शैया अस्पतालको पहिलो तल्ला निर्माण कार्यको लागी देव निर्माण एण्ड सप्लायर्ससंग २०७९।९।५ रु ८७,३२,६८२।३६ मा २०८०।२।३० भित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा पटक पटक गरी अन्तिम पटक कार्यपालिकाको मिति २०८१।५।६ को कार्यपालिकाकको वैठकले २०८१ भाद्र मसान्त सम्म म्याद थप भई यस वर्ष रु. ४१,३८,१०४।- गरेको देखिन्छ। यस सम्वन्धमा देखिएको थप वेहोरा निम्नानुसार छ-

११६.१ **पूर्वनिर्धारित क्षतिपूर्ती-** सार्वजिनक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको बिशेष शर्तको ५५.१ मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न गर्न नसकेमा सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । पाँच शैया अस्पतालको पहिलो तल्ला निर्माण कार्य सम्झौता वमोजिम थपिएको म्याद २०८१ भाद्र मसान्त सम्म सम्पन्न नभई २०८२।६।६ मा सम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख छ। मुअकर वाहेक सम्झौता मुल्य रु.७७,६८,३०२.९७ को ०.०५ प्रतिशत प्रतिदिनले हुने रु. ३८८४।– ले थपिएको म्याद भन्दा ढिला ६ दिनको रु. २३,३०४।– पूर्वनिर्धारित क्षतिपूर्ती निर्माण ब्यवसायीवाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२३,३०४

११६.२ **एजबिल्ट-** सम्झौताको बिशेष शर्तको ७१.२ मा निर्माण व्यवसायीले कार्यसम्पन्न भएको ३० दिन भित्र पेश गर्नुपर्ने नगरेमा रु. ५०,०००।– कट्टा गर्नुपर्ने उल्लेख छ। लेखापरीक्षणको समयमा उक्त निर्माण कार्यको एजबिल्ट पेश हुन आएन। सम्झौताको शर्त वमोजिम निर्माण कार्यको एजबिल्ट पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५०,०००

११७ **सम्झौता कार्यान्वयन -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्नु गराउनु पर्ने उल्लेख छ। ठेक्का नं. ८-२०८०।८१ धुनि देखि सिर्सिया सम्म कालो पत्रे (चेनेज ०+८४७.९६ देखि ०+५८० सम्म) २६२.४३ मिटर कालोपत्रे (गाउँपालिका वडानं. १) गर्ने कार्यको लागी दहाल कन्स्ट्रक्सन संग ३.५ महिना भित्र सम्पन्न गर्ने गरी २०८०।१२।२१ मा रु. ६८,१५,६७६।४४ (मु.अ.कर र पि.एस समेत) को ठेक्का सम्झौता भएकोमा पटक पटक गरी २०८१।१२।१६ मा २०८२।२।१६ सम्म म्याद थप भई २०८२।२।१५ मा रु.६५,५५,८३२।– भुक्तानी भई सम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदनवाट देखिन्छ। सालवसाली रुपमा सम्पन्न गर्नुपर्ने २६२.४३ मिटर छोटो दुरीको काम शुरु सम्झौता अवधिको ४०० प्रतिशत समयावधी म्याद थप गरी कार्यसम्पन्न गरेको देखिन्छ । सम्झौताको शर्त वमोजिम तोकिएको गुणस्तरमा कार्यसम्पन्न गर्नु गराउनु पर्दछ।

११८ **खरिद सम्झौता कार्यान्वयन -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्नु गराउनु पर्ने उल्लेख छ। पालिकाले सालवसाली रुपमा गर्नुपर्ने देहायवमोजिमको न्युन परिमाणको कार्य पनि सम्झौता वमोजिमको समयमा सम्पन्न नगरी पटक पटक म्याद थप गरी निर्माण सम्पन्न भए देखिन्छ। त्यसै गरी ठेक्का नं. ५-२०८१।८२ को २०८२।११।२५सम्म म्याद थप भएको र ठेक्का नं. ६-२०८१।८२ को २०८२।२।१४ म्याद भएकोमा म्याद थप भएको छैन भने पेश्की तथा कार्यसम्पादन जमानत तथा बिमाको म्याद सकिएको छ। खरिद नियमावली तथा सम्झौताको शर्त वमोजिम निर्माण कार्य समयमा सम्पन्न गर्नु गराउनु पर्दछ।

निर्माण कार्य	सम्झौता रकम	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	कार्यसम्पन्न	कैफियत
ठेक्का नं. २८-२०८१।८२ सिलवन्दी राजवंशी पसल देखि दक्षिण नहर सम्म वाटो मर्मत २४० मिटर चेनेज ० देखि ० प्लस २४० सम्म	३,१४,७६०	२०८१।२।२८ मा	२०८१।९।२९	सम्पन्न मिति उल्लेख नभएको	-
२७-२०८०।८१ को वडा नं. २को मिलन चोक देखि पश्चिम कद्वी टोल सम्म झोलुङ्पु जोड्ने वाटो सम्म सडक मर्मत, रिदिमा कन्स्ट्रक्सन	३१६५८९।–	२०८१।२।३२	२०८२।३।१०	कार्य सम्पन्न भएको मिति उल्लेख नभएको	-
१९-२०८०।८१	११२३३८४।७०	२०८१।२।२	२०८१।९।२९	२०८१।९।२६	६२-१०।२२ रु. ९९७१३७
SQ २१-२०८०।८१ ओखरकट्टा देखि डुमरिया जाने सडक कालोपत्रे(अहुजा निर्माण सेवा)	१३२०६९४।४९(मुअकर वाहेक)	२०८१।२।२४	२०८१।३।१५ म्याद थप २०८१।१२।३० सम्म(२०८१।१० ११ को कार्यपालिकाको निर्णयले)	२०८२।२।९	पहिलो नापी २०८१।११।२३, रु. ५७९८१४।– दोश्रो वील ८८६०२१
SQ २०-२०८०।८१ डनवक्सको स्कुलदेखि सिर्सिया कल्भर्ट कालोपत्रे, निर्मल निर्माण सेवा	१६,३७,९९१।५०	२०८१।२।३	२०८१।३।१५	२०८२।२।९	२१६(सडकको दाया तथा वाँया गरी 1.5*1*1 को १६ थान, 2*1*1 को ८ थान) स्क्वायर मिटर जाली तथा १२० मिटर लामो ३.७५ मीटर चौडामा अस्फाल्ट कार्य गर्ने
ठेक्का नं. ५-२०८१।८२, वडा नं. १ को जनता आ.बि. दक्षिण सिंघिया खोला जाने सडक कालोपत्रे, ड्रिम कन्स्ट्रक्सन प्रा.ली.	३३८५८२७।९३	२०८१।९।२३	सम्झौता मितिले ४ महिना, म्याद थप २०८२।११।२५सम्म	-	चेनेज(०+३७५ देखि ०+५८० सम्म २०५ मिटर ५.५ मीटर चौडामा वीचमा ह्युमपाईप घटाई कालोपत्रे १९५ मीटर लामो कालोपत्रे
ठेक्का नं. ६-२०८१।८२, वडा नं. ४ को वडा कार्यालयदेखि मधुरा	३२९५४५१।६६	२०८१।१०।१४	२०८२।२।१४	-	।२०८२।२।१० मा भएकोमा भएको नापी किताव अनुसार क्रसर रन सम्मको मात्र कार्य भएको छ। पेश्की वाँकी रु. ३३००००।–

टोल जाने सडक कालोपत्रे, ड्रिम कन्स्ट्रक्सन प्रा.ली.					रहेको तथा पेश्की ,वीमा र कार्यसम्पादन जमानतको म्याद सकिएको छ ।

१११९ **के.वाइ.सी. अद्यावधिक नभएकोः**

सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैँकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ। बैँकले पालिका बाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन। जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा यकिन हुन नसक्ने र खाता दोहोरो पर्न जाने भएकोले बैँकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ।

१२० **अनुगमन तथा निरीक्षणः**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ।

१२१ **पारदर्शिताः**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

१२२ **लगत कट्टा पछिको भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **७,३५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१** को निर्णयले रू **१,९९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१२३ **प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ-**

सेवाप्रदायकको छनौटः युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ३३ र ३४ मा भएको व्यवस्था को आधारमा पाठ्यक्रम निर्धारण गरि, कार्यविधिको दफा ३५ को उपदफा २ बमोजिम नेपाल सरकारबाट सञ्चालन भएका सीप विकास प्रतिष्ठान मार्फत वा निजी तालिम प्रदायक संस्थाबाट सेवा लिने गरी सेवाप्रदायकको छनौट गर्नुपर्ने उल्लेख छ । कार्यस्थलमा आधारित सिप विकास तालिम र जीवन उपयोगी सिप तालिम मध्ये रोड मर्मत र पलम्बिङ्ग तालिम कार्यक्रमको लागि पालिकाले जय नेपाल होटल म्यानेजमेन्ट एण्ड टेक्नोलोजी ट्रेनिङ प्रा.लि. लाई छनौट गरी रु.४,४६,९१५।०० भुक्तानी दिएको दिएको छ । साथै ठेक्का प्राप्त गरेको सेवाप्रदायकले आवश्यकता अनुसार तालिम सञ्चालन गरे नगरेको सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्छ ।

तालिम वापतको भुक्तानीः अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा ९ बमोजिम स्थानीय तहमा निश्चित नियम र शर्तहरु पालना गरी कार्यान्वियन गर्न उपलब्ध गराइएको अनुदान रकम तोकिएको कार्यक्रममै खर्च गर्नुपर्ने व्यवस्था छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २७(२) मा रोजगार उपलब्ध गराउने आयोजना वा कार्यक्रम प्रमखुले उपलब्ध गराएको रोजगारीको दिनका आधारमा पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ३२(२) बमोजिम तालिममा सहभागी लाभग्राहीलाई दफा २७(२) अनुसार रोजगारमा खटिए पश्चात प्रत्येक दिन काम सुरु हुँदाको समय र काम सकेपछि कार्यस्थलमा गरेको हाजिरीको आधारमा निजलाई दैनिक ज्याला दरको आधारमा पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले ४० दिन सम्मको कार्यस्थलमा आधारित सिप विकास र १० दिनसम्मको जीवन उपयोगी सीप विकास गरी कुल अधिकतम ५० दिन सम्मको तालिम लिएका ४० जना श्रमिकहरुलाई तालिममा सहभागी ५० दिनको लागि प्रतिदिन रु.६६८ को दरले सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालन सम्बन्धी मार्गदर्शको दफा ५ अनुसार तालिममा खटिए वापत सम्बन्धित लाभग्रीहीको खातामा हाजिरीको आधारमा भुक्तानी गर्नुपर्ने भनि प्रावधानको आधारमा कुल रु.१३,२५,६१२।०० काममा खटिएको सरह मुल्यांकन गरी भुक्तानी दिएको छ । तालिम प्राप्त पश्चात सोहि कार्यमा रोजगारदाताले कार्य गरेको सूनिश्चित हुनुपर्दछ ।

निर्देशिकाको पालन– प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २५ मा श्रमिक समूह गठन गरी काममा लगाउनु पर्नेः (१) रोजगार आयोजनाहरुले कामको प्रकृति र आवश्यकता अनुसार आयोजनाको कामलाई विभिन्न खण्डमा विभक्त गरी एक खण्डको काम १० देखि १५ जनासम्मको एउटा श्रमिक समूहले गर्ने गरी विभिन्न श्रमिक समूहहरु गठन गरेर जिम्मा दिनु पर्नेछ, साथै (५) मा ठेक्का मार्फत हुने कार्यहरुमा समेत सम्बन्धित निकायले बोलपत्र दस्तावेज तथा ठेक्का सम्झौतामा यसै दफा बमोजिम गर्नु गराउनु पर्नेछ व्यवस्था छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजनाको भुक्तानी गर्दा तालिम प्रदान गरिएको भन्दा फरक कार्यमा श्रमिकलाई खटाई भुक्तानी गरेको देखियो । कार्यविधिमा भएको व्यवस्था अनुसार तालिम प्रदान गरीएको क्षेत्रको कार्यमा श्रमिकलाई काममा खटाउने तर्फ ध्यान दिनुपर्दछ ।

१२४ **सेनिटरी प्याड वितरणः** (२७३-2082-03-09):

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले यस वर्ष आफु अन्तर्गतको सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका १४४८ जना (१४४८ विद्यार्थीलाई २ प्याकेटका दरले १० महिनाको २८९६० थान खरिद गर्नुपर्ने) छात्रा विद्यार्थीहरुका लागि निशुल्क प्याड वितरणका लागि डालिमा मेडिसेल्स प्रा.ली. (प्यान नं ६०३२८५९२) मिति २०८२।०२।२६ वाट प्रतिगोटा मूल्य रु.६७।४६ (भ्याट सहित) का दरले रु.९,४५,०४९।७५ को १४७५० थान प्याड सोझै खरिद माध्यमबाट गरेको देखियो । पालिकाले गत वर्ष सम्म विद्यालयलाई निकासा दिए पश्चात पालिकाको स्टोरमा १०११५ थान स्टक रहेकोमा यस वर्ष गरी जम्मा २४८६५ थान बाँकी स्टक देखियो । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको, गत वर्षको वाँकी मौज्दात वेवास्ता गरेको साथै भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको समेत एकिन गर्न सकिएन । अतः पालिकाले प्याड खरिद गर्दा आवश्यकताको पहिचान गरी सोही परिमाणमा मात्र प्याड खरिद गर्ने, गुणस्तर सुनिस्चित गर्ने, प्याड वितरण प्रणालीलाई व्यवस्थित वनाउने, साथै मौज्दात व्यवस्थापनलाई व्यवस्थित गर्ने तर्फ ध्यान दिई विद्यालयलाई वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,४५,०४९

१२५ **औषधी उपचार खर्च**

मृगौला प्रत्यारोपण गरेका, डाइलासिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधी उपचार वपत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा ६ मा लाभ ग्रहीको सूचि प्रत्येक वडा कार्यालयले नविकरण गर्नुपर्ने, दफा ७ मा

लाभग्रहीको अनुसूचि-४ बमोजिम अभिलेख अद्यावधिक गर्नुपर्ने एवं दफा १० बमोजिम लाभग्राहीलाई भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालय, सम्बन्धित वडा कार्यालय र वेभसाइटमा सार्बजनिक गर्नुपर्ने व्यवस्था छ । यस वर्ष २०८१ श्रावण देखी २०८२ असारसम्मको विभिन्न ३१ जना लाभग्राहीलाई मासिक ५ पाँच हजारका दरले रु.१८,२०,०००।०० भुक्तानी गरेकोमा कार्यविधिले भने बमोजिम अभिलेखहरु अद्यावधिक गरेको देखिएन । तोकिए वमोजिम अभिलेख अद्यावधिक नगर्दा र खर्च सार्वजनिक नगर्दा लाभग्राहिले दोहोरो सुविधा लिनसक्ने जोखिम रहने हुँदा कार्यविधिले तोके वमोजिमका अभिलेखहरु व्यवस्थित गर्नुपर्दछ ।

१२६ **मिनाहा** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १११ मा प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्ति, स्रेस्ता तथा कागजातको मूल्याङ्कन गरी मिनाहाको सिफारिस गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षता पाँच सदस्यिय समिति रहने, समितिले प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्तिको वास्तविक क्षतिको मूल्याङ्कन गरी मूल्य समेत खुलाई सम्बन्धित केन्द्रीय निकाय समक्ष प्रतिवेदन दिने र प्रतिवेदनको आधारमा पचास लाख मूल्य बराबरसम्मको क्षतिको हकमा सम्बन्धित केन्द्रीय निकायको सचिवले र सोभन्दा बढी रकमको हकमा नेपाल सरकारले मिनाहा दिन सक्ने व्यवस्था छ । कार्यालयले जेन्जी आन्दोलनबाट नष्ट भएको क्षतिको प्रहरी मुचुल्का पेश गरेता पनि मिनाहाको लागि प्रक्रिया गरेको देखिएन् । कानून वमोजिम मिनहाको प्रक्रिया अघि बढाउँनु पर्दछ ।

१२७ **पेश्की**-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले देहायका व्यक्ति तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रू.१६,४०,००० म्याद नाघेर बाँकी रहेको देखिन्छ। म्याद नाघेको फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम		
				म्याद नाघेको	म्याद ननाघेको
कर्मचारी					
ठेकेदार					
२०८१/०४/०१	५	डनबस्कोस्कूलदेखि सिर्सिया कल्भर्ट कालोपत्रे सडक वडा न ७	सुनवर्षीनिर्माण तथा ढुवानी सेवा प्रा.लि.	१,६४,०००.००	
२०८१/०७/२६	२७	सडक तथा पूल निर्माण	पुष्पाञ्जलि/ जोयाएण्ड ब्रदर्स जे.भि.		४,४२,०००
२०८१/११/१८	९१	वडा नं. १को जनता आ.वि. दक्षिण सिंघीया खोला जाने सडक कालोपत्रे	ड्रिमकन्स्ट्रक्सन प्रा.लि.		३,३९,०००
२०८१/१२/१०	१०२	वडा नं. १को जनता आ.वि. दक्षिण सिंघीया खोला जाने सडक कालोपत्रे	ड्रिमकन्स्ट्रक्सन प्रा.लि.		३,३९,०००
२०८२/०१/०५	११५	वडा नं. ४को वडा कार्यालयदेखि मधुरा टोल जाने सडक कालोपत्रे	ड्रिमकन्स्ट्रक्सन प्रा.लि.		३,३०,०००
२०८२/०१/१९	३	गाउँपालिकाकोकार्यालयको प्रशासकीय भवनको माथिल्लो तला थप	निर्मलएण्ड आर एस जे/भी		२३,००,०००
२०८२/०३/१७	१३	गाउँपालिकाकोकार्यालयको प्रशासकीय भवनको माथिल्लो तला थप	निर्मलएण्ड आर एस जे/भी		२३,००,०००
संस्थागत					
२०८१/०४/०१	५	विद्यालयभौतिक पुर्वाधार निर्माण अनुदान	श्री गणेशआधारभुत विधालय	२,१०,०००	
२०८१/०४/०१	५	विद्यालयभौतिक पुर्वाधार निर्माण अनुदान	श्रीदुर्गा माध्यमिक विद्यालय	१२,९०,०००	
				१६,४०,०००	६०५००००

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	१६,६४,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : जहदा गाउँपालिका, मोरङ , जहदा गाउँपालिका , मोरङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	प्रमुख प्रशासकिय अधिकृत श्री बिनोद कुमार भण्डारी	२०८१-१-१७	२०८१-०९-०७
कार्यालय प्रमुख	श्री रोशन कुमार गुप्ता	२०८१-०९-०८	हाल सम्म कार्यरत
लेखा प्रमुख	लेखा अधिकृत श्री रुपा सुनुवार	२०८१-५-१३	२०८२-१०-१७
लेखा प्रमुख	लेखा अधिकृत श्री कबिराज फुयाल	२०८१-१०-१८	२०८२-०७-२९

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३९०,९७०	८,५७९,९३१	६१,९६४,२४०	०	०	२,०२४,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	७२,९५९,१४१
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	५०,५४९,२०४
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२२,४०९,९३७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४३८५९२३६०	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२९०८४०००	चालु खर्च	३४३०१८५३३.५
प्रदेश सरकारबाट अनुदान	२९०८४०००	पूँजीगत खर्च	२०३१९९६९२.८
राजश्व बाँडफाँट	९९९०९०७०.११	वित्तीय/अन्य व्यवस्था	१३८६०३६१३.५८
आन्तरिक आय	१५१४६५२४.६२		
अन्य आय	१९०१०३३५६.४५		
कुल आय	३६३३२६९५१.१८	कुल खर्च	६८४८२१८३९.८८
बाँकी मौज्दात		११७०९७४७१.३	

अनुसूची - २

बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१०,८६,७८,४८६.६४	०	१०,८६,७८,४८६.६४	१०,२०,६९,७२८.५२	०	१०,२०,६९,७२८.५२
१३०००	अनुदान		४३,९४,४१,६३७.४६	०	४३,९४,४१,६३७.४६	३३,८४,१९,८७५.५३	०	३३,८४,१९,८७५.५३
१४०००	अन्य राजस्व		६४,०९,१७२.९६	०	६४,०९,१७२.९६	५८,९०,७८१.८२	०	५८,९०,७८१.८२
१५०००	विविध प्राप्ति		४०,९५१.००	०	४०,९५१.००	०	०	०
क	कुल जम्मा प्राप्ति		५५,४५,७०,२४८.०६		५५,४५,७०,२४८.०६	४४,६३,८०,३८५.८७		४४,६३,८०,३८५.८७
३	चालु		३४,३०,१८,५३३.५१	०	३४,३०,१८,५३३.५१	३२,६२,१७,८१२.४९	०	३२,६२,१७,८१२.४९
२१०००	पारिश्रमिक / सुविधा		१६,०९,१४,९९५.४७	०	१६,०९,१४,९९५.४७	४,२१,९८,७०३.५१	०	४,२१,९८,७०३.५१
२२०००	मालसामान तथा सेवाको उपयोग		१७,८८,१०,०८०.०४	०	१७,८८,१०,०८०.०४	९,४१,८६,३२८.९२	०	९,४१,८६,३२८.९२
२५०००	सहायता (Subsidy)		१,८६,३११.००	०	१,८६,३११.००	३०,६५,९०९.००	०	३०,६५,९०९.००
२६०००	अनुदान		०	०	०	१७,९२,४७,३९६.११	०	१७,९२,४७,३९६.११
२७०००	सामाजिक सुरक्षा		२५,६१,०००.००	०	२५,६१,०००.००	५३,१३,११०.००	०	५३,१३,११०.००
२८०००	अन्य खर्च		५,४६,१४७.००	०	५,४६,१४७.००	२२,०६,३६४.९५	०	२२,०६,३६४.९५
४	पूंजीगत		२०,३१,९९,६९२.७९	०	२०,३१,९९,६९२.७९	१३,३५,१८,६२५.९३	०	१३,३५,१८,६२५.९३
३१११०	भवन तथा संरचना		१०,०७,९८,८३१.९९	०	१०,०७,९८,८३१.९९	२,१०,११,५४७.६६	०	२,१०,११,५४७.६६
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		८०,१८,९१२.००	०	८०,१८,९१२.००	१,१४,०६,०३६.८६	०	१,१४,०६,०३६.८६
३११३०	अन्य पूँजीगत		०	०	०	१३,८४,२२४.५८	०	१३,८४,२२४.५८

	खर्च							
३११५०	सार्वजनिक निर्माण		९,४२,३५,३४४.७०	०	९,४२,३५,३४४.७०	९,७३,१४,४८२.८३	०	९,७३,१४,४८२.८३
३११६०	निर्मितसरचनाको सुधार खर्च		०	०	०	२२,६४,९३९.००	०	२२,६४,९३९.००
३११७०	पूँजीगत सुधार खर्च		०	०	०	१,३७,३९५.००	०	१,३७,३९५.००
३१२२०	मौज्दात सामानहरु		१,४६,६०४.१०	०	१,४६,६०४.१०	०	०	०
५	वित्तीय		०	०	०	०	०	०
ख)	कुल जम्मा भुक्तानी		५४,६२,१८,२२६.३०		५४,६२,१८,२२६.३०	४५,९७,३६,४३८.४२		४५,९७,३६,४३८.४२
ग)	बचत /कमी (ग = क-ख)		८३,५२,०२१.७६		८३,५२,०२१.७६	(१,३३,५६,०५२.५५)		(१,३३,५६,०५२.५५)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		९५,७८,७००.८१		९५,७८,७००.८१	२०,५६,०५४.५१		२०,५६,०५४.५१
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		२,०१,१८६.५२		२,०१,१८६.५२	(१,४६,६०४.१०)		(१,४६,६०४.१०)
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		१,७९,३०,७२२.५७		१,७९,३०,७२२.५७	(१,१२,९९,९९८.०४)		(१,१२,९९,९९८.०४)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		८,०१,२५,९६०.८१		८,०१,२५,९६०.८१	९,१४,२५,९५८.८५		९,१४,२५,९५८.८५
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							

ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		९,८०,५६,६८३.३८		९,८०,५६,६८३.३८	८,०१,२५,९६०.८१		८,०१,२५,९६०.८१

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्नसोप्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा अबण्डा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदानवितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट

कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- म्याद नाघेको पेश्कीको विवरण पालिकाले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराइ बेरुजु फस्यौंट गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयनगर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउने साथै एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।